# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा नै समाज विकासको मूल आधार हो । औपचारिक शिक्षा आर्जन गर्ने थलोको रूपमा विद्यालयलाई मानिन्छ । विद्यालयमा नियमित रूपबाट सङ्गठित र योजनाबद्ध ढङ्गले शिक्षा प्रदान गरिनुको साथै ज्ञान, सीप, धारणा तथा अनुभवरूपी ज्योतीद्वारा  विद्यार्थीलाई आलोकित पार्ने गर्दछ । विद्यालय एउटा ज्ञान आर्जन तथा सीप विकास गर्ने माध्यम हो । यसका अतिरिक्त विद्यालयलाई सामाजिक, संस्कृतिक, मूल्य, मान्यता र आदर्शतालाई नयाँ पुस्तामा हस्तारण गर्ने एक सशक्त माध्यम हुनुका साथै तिनको संरक्षण सम्वर्धन गर्ने एक महत्वपूर्ण निकायका रूपमा लिइन्छ । विद्यालयले बालबालिकाको शैक्षिक, सामाजिक, शारीरिक, मानसिक, आर्थिक तथा संवेगात्मक विकासमा सहयोग पुऱ्याउँछ । बालबालिका एक सामाजिक प्राणी हुन् जसले गर्दा विद्यालयलाई विद्या आर्जन गर्ने समाजको पवित्र विद्यामन्दिर मानिन्छ ।

वि.स. २००७ सालको प्रजातन्त्र प्राप्ती पश्चात नेपालमा वर्षायाममा च्याउ उम्रे झैं विद्यालय जताततै स्थापना हुन थाले । परिणाम स्वरूप वि.सं. २००९  सालमा शिक्षा बोर्डको स्थापना भयो । यस शिक्षा बोर्डले एउटा शिक्षा योजना आयोग निर्माण गर्न तत्कालिन सरकार समक्ष सिफारिस गऱ्यो यही बोर्डको सिफारिस अनुसार वि.सं. २०१० साल चैत्र ९गते सरदर रूद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । यस आयोगले वर्तमान शैक्षिक अवस्थाको अध्ययन गरी वि.सं. २०११ सालमा तत्कालिन सरकार समक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन पछि वि.सं. २०१८ सालमा "सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८" गठन भयो । त्यसपछि पनि विभिन्न समयमा विभिन्न समिति तथा परिषदहरू बन्दै रहे । यिनै समिति तथा परिषदहरूका सुझावहरूलाई समेटेर एउटा छुट्टै योजना तर्जुमा गर्ने काम भयो । यस योजनाको नाम "रास्ट्रिय शिक्षा पद्धति योजना २०२८" रह्यो । यसले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरू ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरूको निर्धारण पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक  सङ्गठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरूमा उल्लेखनीय योजनाहरू प्रस्तुत गऱ्यो । वि.सं. २०४६ सालमा प्रजातन्त्र

पुनः स्थापना भए पश्चात वि.स. २०४६ फाल्गुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगलाई तत्कालिन शिक्षा मन्त्रीको अध्यक्षतामा २०४८ साल श्रावण १६ गते पुनर्गठन गरियो । यस पुनर्गठित आयोगका १६ जना सदस्यहरूको अथक प्रयासबाट २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ का नाममा यो प्रतिवेदन जनसमक्ष आयो । यस आयोगले शिक्षा विकासको ऐतिहासिक पृष्ठभूमिको आधारमा वर्तमान अवस्थाको समेत विश्लेषणात्मक अध्ययन प्रस्तुत गरी भविष्यमा लिइनु पर्ने नीति र चालिनुपर्ने पाइलाहरूलाई सुझावको रूपमा प्रस्तुत गऱ्यो। वि.सं २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो यस आयोगको प्रतिवेदनमा विद्यालय तीन प्रकारमा विभाजन थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजीविद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने भनि सुझावको रूपमा प्रस्तुत गऱ्यो । वि.सं. २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगको प्रतिवेदनमा विद्यालय तीन प्रकारमा विभाजन थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजीविद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने भनि सुझाव प्रस्तुत छ । सामुदायिक विद्यालयको परिभाषा उक्त आयोगको प्रतिवेदनमा यसरी दिइएको छ (निरौला, २०६३) । "कुनै सङ्घ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षकहरू तथा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरू आदिको संयुक्त नेतृत्वमा सञ्चालित भएका विद्यालयहरूलाई सामुदायिक विद्यालय मान्नु पर्छ " (निरौला, २०६३) ।

नेपालको विद्यालय शिक्षाको संरचना कक्षा १-८सम्म प्राथमिक शिक्षा, ९-१२ कक्षा सम्म माध्यमिक शिक्षा र त्यसपछि तीन स्नातक तह, २ वर्षे स्नातकोत्तर तह, १ वर्षे एम.फिल. र २ वर्षे विद्यावारिधी रहेको छ (सिंह,२०६६) ।

"माध्यमिक शिक्षा भन्नाले कक्षा १-१२सम्म दिइने शिक्षा सम्झनु पर्छ" (पौडेल,२०६३) ।

विद्यालय व्यवस्थापन समितिको कामहरू मध्ये विद्यालयको भौतिक पक्ष सुधार गर्नु पनि एक हो । एउटा शरीर बन्न विभिन्न तत्वहरूो आवश्यकता पर्दछ । त्यस्तै विद्यालय बन्न पनि विभिन्न पक्षहरूको आवश्यकतापर्दछ । जस्तै आर्थिक पक्ष, भौतिक पक्ष, शैक्षिक पक्ष, व्यवस्थापन पक्ष, यस मध्येको भौतीक पक्षको प्रमुख भूमिका हुन्छ । भौतिक पक्ष भनेको एउटा शरिर ठड्याउन चाहिने तत्वहरूलाई बुझाउछ त्यस्तै एउटा विद्यालय ठड्याउन चाहिने प्रमुख तत्वलाई भौतिक पक्ष भन्ने बुझाउछ । त्यस्ता तत्वहरू जग्गा, भवन, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमेदान इत्यादि । भौतिक पक्षले विद्यालयको

अरूपक्षसँग निकटतम सम्वन्ध राख्दछ । विद्यालयको भौतिक पक्षमा अस्तव्यस्तताको कारण विद्यार्थीहरू विकर्षण हुनुको साथै गुणस्तरीय शिक्षा प्रदान गर्नमा व्यवधान उत्पन्न हुन्छ । अर्को शब्दमा विद्यालयको स्थापना, सञ्चालन गर्न न्यूनतम रूपमा चाहिने आवश्यक तत्वहरू भवन, जग्गा, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमैदान र कार्यालय आदिको समष्टिगत रूप नै भौतिक पक्ष भनिन्छ । शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त, वैज्ञानिक, व्यवहारिक ज्ञान, सीप र अभिवृत्ति विकास गराउन आवश्यक पर्ने सुविधालाई भौतिक सुविधा भनिन्छ (श्रेष्ठ र बस्नेत, २०६६) ।

सामान्यतया एउटा विद्यालय सञ्चालन, रेखदेख र नियन्त्रण, यसवारेमा चाजोपाँजो मिलाउने, लेखाजोखा गर्ने, प्रारम्भिक निरीक्षण गर्ने र आर्थिक, भौतिक तथा प्रशासनिक पूर्वाधार खडा गराउने कार्यलाई विद्यालय व्यवस्थापन भन्न सकिन्छ । शैक्षिक व्यवस्थापन, प्रशासन भनेको कार्यकर्ताहरूको प्रयासमा सामन्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्रीहरूलाई मानविय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । त्यसले केटाकेटी र युवाहरूको विकासमा मात्र नभै वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ । शिक्षा अनुसन्धानको शब्दकोष अनुसार शैक्षिक प्रशासन व्यवस्थापनमा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरू तथानीतिहरूको विकासमा सहायता  गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्ने कर्मचारी र सामग्रीको व्यवस्था गर्ने कुराहरू समेत समावेस हुन्छन् । क्याम्वेलको अनुसार - विद्यालयको कार्यसञ्चालनमा अरूव्यक्तिहरूको सम्लग्नता गराइ कार्य सम्पन्न गराउनु शैक्षिक व्यवस्थापन हो । विद्यालय व्यवस्थापन सम्वन्धी केहि विद्वानका विचार समेतका आधारमा विद्यालय व्यवस्थापन भन्नाले निश्चित प्रक्रिया, कार्यक्रममूखि पद्धति, मानविय स्रोत, विकास, पेशागत कार्य, व्यवस्थापकिय प्रक्रिया, स्रोतसाधनको उपयोग, सर्वव्यापी प्रक्रिया, काम र व्यक्ति बीच सामञ्जस्यता,समस्या समाधान र उद्देश्य प्राप्त गर्ने सामुहिक कार्य मान्न सकिन्छ । तोकिएको लक्ष्य प्राप्त गराउन एउटा प्राज्ञीक थलोका रूपमा विकास गराउन गरिने सम्पूर्ण प्रयासको समस्टिगत रूप विद्यालय व्यवस्थापन हो । वर्तमान समयमा शैक्षिक व्यवस्थापनमा केन्द्रीय निकायले नीति तथा कार्यक्रमलाई कार्यन्वयनको जिम्मेवारी लिने र विद्यालय तहले वास्तविक रूपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी लिएको जिम्मेवारीको ढाँचा हो । विद्यालय तह नै शैक्षिक

विकासको प्रथम र महत्वपूर्ण निकाय भएको हुँदा विद्यालयको कुशल नेतृत्वको कार्यले सुचारुरूपमा समग्र शैक्षिक व्यवस्थापन क्षेत्रमा प्रभाव पार्ने गर्दछ (सिग्देल, २०६२) ।

शिक्षा ऐन २०१८कोदफा ४ मा नेपाल सरकारले प्राथमिक तथा माध्यमिक शिक्षालाई व्यवहारिक बनाएको थियो । जसमा “सञ्चालक समिति भन्नाले कुनै शिक्षण सस्थाको सञ्चालन र सो प्रवन्धका लागि गठन गरिएको समिति सम्झनु पर्दछ” (शर्मा २०६६मा उद्धृत ) ।

“विद्यालय सञ्चालक समिति भन्नाले नेपाल सरकारले विद्यालय निरिक्षणका लागि समुदायद्वारा गठन गरिएको समिति हो ” (पौडेल, २०६३) ।

यस सन्दर्भमा हालका दिनहरूमा नेपाल सरकारले अङ्गिकार गरेको विकेन्द्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ (सातौ संसोधन २०५८ समेत) मार्फत सामुदायीक विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूबाट छानिएका प्रतिनिधीहरू रहने प्रावधान राखी समुदायलाईअधिकार सम्पन्न बनाउने व्यवस्था भएको छ (समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन, कार्य प्रणाली निर्देशिका २०६०) । विद्यमान कार्य कर्तव्य र अधिकारलाई कायम गरी विद्यालय सञ्चालक समितिको सट्टामा विद्यालय व्यवस्थापन समिति नाम परिवर्तन गरियो (पौडेल, २०६३) ।

उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार विद्यालय व्यवस्थपन समिति गठनको वर्तमान प्रक्रियामा सुधार गरि पठन पाठन सँग प्रत्यक्ष सरोकार राख्ने अभिभावक, विद्यालयको स्थापना र विकासमा टेवा पुऱ्याउने स्थानिय व्यक्तिहरू समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रक्रियाबाट व्यवस्थापन समितिको गठन गरी त्यसलाई अधिकार सम्पन्न गराइयो (शर्मा, २०६६ मा उद्धृत ) ।

नेपालको शिक्षा क्षेत्रमा प्रवन्धकीय संगठन अर्थात विद्यालय शिक्षा जनसहयोगबाट नै चलेको छ । विद्यालय व्यवस्थापन पक्षको इतिहास ज्यादै पुरानो नभएता पनि वि.सं. २००७ सालमा प्राप्त प्रजातन्त्र पश्चात औपचारिक रूपमा विद्यामान विद्यालयहरूलाई व्यवस्थित वा संगठित तवरले संञ्चालन गर्न प्रवन्धकीय संगठनको व्यवस्थापन गरेको पाइन्छ । त्यसताका नेपालमा शिक्षा केन्द्रीय सरकार र केहि हद सम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्ररूपले संगठित थियो । केन्द्रीय मन्त्रालयको नियन्त्रणको

हक विद्यालयहरूलाई दिइएको आर्थिक सहायताको रकमबाट निश्चित गरिएको थियो । यस कुराको निश्चय गर्न विद्यालयहरूलाई तीन वर्गमा बाँड्न सकिन्छ । सरकारी विद्यालय अर्थात सम्पूर्ण केन्द्रीय सरकारबाट प्रवन्ध र सहायता गरिएको विद्यालय पाठशालाहरू, पहिले स्वतन्त्र खुलेको तर अहिले कुनै प्रभावमा पुगेका र केन्द्रीय सरकारबाट भित्र भित्र केही आर्थिक सहायता पाईएको, सरकारी सहायता प्राप्त विद्यालय र पाठशालाहरू तथा प्रवन्ध र अर्थ दुवैमा स्वतन्त्र चलिरहेको स्वतन्त्र विद्यालयहरू प्रजातान्त्रिक रीतिबाट रोजिएको शिक्षा समिति वा प्रवन्ध समिति मार्फत केन्द्रीय सरकार र ग्राम सरकारी अधिकारीहरूको संयुक्त प्रवन्ध र अर्थबाट चल्ने राष्ट्रिय नाम दिइएका विद्यालय पाठशालाहरू । वर्तमान समयमा सरकारी विद्यालय पाठशालाहरू बाहेक अरू सारा शिक्षालयहरू पढाइ शुल्क सङ्ग्रहबाट पनि केही मद्दत पाउदै थियो । शिक्षा मन्त्रीको मातहतमा शिक्षालाई हेर्ने एक शिक्षा सचिव, दुई उपसचिव, तीन सहायक सचिव आदिको एक समिति मन्त्रीय तहमा हुन्थ्यो । यिनका अतिरिक्त मुख्य सञ्चालक र दुई अरू सञ्चालक विद्यालय निरीक्षक तथा अन्य पदाधिकारीहरू थिए । सरकारको शैक्षणिक नीति र कार्यक्रम यो मन्त्रालयबाट निर्धारण र कार्यान्वयन गरिन्थ्यो । यसकार्यमा सहायता गर्न २० सदस्यहरूको एक राष्ट्रिय शिक्षा समितिको व्यवस्था गरिएको थियो । वि.स. २००९ मा एक निरीक्षक, तीन उपनिरीक्षक र आवश्यक सहायक निरीक्षकहरू सहित सात प्रादेशिक विभाग यी विद्यालय पाठशालाहरूको निरीक्षण र प्रवन्धको व्याख्या गरिएको थियो । यी प्रादेशिक निरीक्षक र उनका उपनिरीक्षकहरू सहायक जनशिक्षा सञ्चालकप्रति उत्तरदायित्व थियो । प्रत्येक सरकारी पाठशालाका प्रधानाध्यापक, निरीक्षण अड्डा र प्राय सल्लाहकार समिति भएको एक प्रवन्ध समिति प्रति जवाफदेही थियो । प्रत्येक सरकारी रकमको हिसावका निम्ति जवाफदेही थिए । सरकारी सहायता प्राप्त गर्न विद्यालयहरूलाई आवश्यक निरीक्षण गर्नु पर्दथ्यो र आवश्यक निरीक्षणका लागि स्वतन्त्र विद्यालयहरू पनि निवेदन गर्ने व्यवस्था थियो । यी स्वतन्त्र विद्यालयहरूमा प्रवन्ध समितिले धेरै मात्रामा प्रबन्धकीय नियन्त्रण राख्दथियो । प्रवन्ध समिति प्राय जसो ७ देखी १५ जना सम्म सदस्यहरूको समिति हुन्थ्यो । यसमा शिक्षक, आमावावु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी जस्ता मानिसहरू प्रतिनिधित्व गर्दथे (श्रेष्ठ, २०६६) ।

नेपालमा राजनैतिक परिवर्तनका साथ साथै जनतामा चेतनाअभिवृद्धि भएकोले विद्यालयको आवश्यकता पनि बढ्न थाल्यो । फलस्वरूप विद्यालय शिक्षालाई सङ्गठित तथा विकासका लागि शिक्षा ऐन २०२८ अनुसार विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक

तथ्याङ् र विवरण अध्यावधिक गराई राख्नेभनि अधिकार प्रदान गरी १० जना सदस्य रहने विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था गरियो। यसको पदावधि ३ वर्ष कायम गरियो । वि.सं. २०३६ सालमा माध्यमिक विद्यालयको हकमा ९ देखि १० जना सम्म समितिको व्यवस्था गरिएको थियो । यस समितिमा विद्यालय संस्थापक, अभिभावक शिक्षा तथा समाजसेवी, चन्दादाता तथा जि.शि.अ.का प्रतिनिधिहरू रहने व्यवस्था गरिएको थियो । विद्यालय सञ्चालक समितिको पदावधि चार वर्ष रहेको थियो ।

अध्यक्ष तथा सदस्य सचिव जिल्ला शिक्षा समितिले मनोनित गरेको र सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदेन सदस्यसचिव रहने व्यवस्था थियो ।भौतिक सुविधा जुटाउने, विद्यालय सम्पतिको संरक्षण र सम्वर्धन गर्ने कार्यका साथै सञ्चालक समितिले शिक्षकको नियूक्ति, सरूवा, बढुवाको सिफारिस गर्ने तथा शिक्षकहरूलाई पुरस्कार र दण्ड दिने अधिकार पनि थियो (शर्मा, २०६६) ।

शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ मा व्यवस्थागरी सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अगाडि सारेको छ । शिक्षा ऐन २०२८ कोआठौ संसोधनमा शिक्षा अध्यादेशको दफा ११ (थ) मा भनिएको छ । कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानिय निकाय व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सक्नेछ । यसरी व्यवस्थापन जिम्मा दिईएका विद्यालयलाई यस ऐनको अधिनमा रही एक मुष्ठ अनुदान रकम दिइने छ । २०६३ को संशोधन अनुसार स्थानिय निकाय वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिन चाहेमा आवश्यक कानुनी प्रकृयाहरू पूरा गरी जिम्मा दिन सकिने व्यवस्था गरिएको छ । यस समितिले शिक्षक नियुक्ति तथा त्यसरी नियुक्ति गरिएको शिक्षकको बढुवा तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ (सिप्रेककेन्द्र, २०६४) ।

विद्यालय व्यवस्थापन समिति विद्यालयको निरीक्षण कार्यमा सघाउ पुऱ्याउने हिसावले गठन भएतापनि व्यवहारिक रूपमा विद्यालयको भौतिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयको भौतिक पक्ष अस्तव्यस्त भएमा विद्यार्थीहरू विद्यालय प्रति विकर्षण हुन्छ साथै गुणस्तरीय शिक्षामा अवरोध हुने गर्दछ । भुपरिवेष्टित राष्ट्र नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने खोटाङ, सिराहा र सप्तरी को बीच रहेको उदयपुर जिल्लाका जम्मा ९ वटा स्रोत केन्द्रहरू मध्ये देउरी स्रोत केन्द्र पनि यस विद्यालयको भौतिक

समस्याबाट अलग रहन सकेन । यसरी शिक्षा क्षेत्रमा ठूलो समस्याको रूपमा रहेको भौतिक अस्तव्यस्ततालाई भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको योगदानलाई विशेष प्राथमिकता दिई यो सोधपत्र तयार पारिएको छ । अतः यस देउरी स्रोत केन्दका मा.वि., नि.मा.वि. र प्रा.वि. लगायत २६ वटा विद्यालय मध्ये १० वटा मा.वि.लाई अनुसन्धान गरिएको छ । यस केन्द्र अन्तर्गत १ गा.वि.स. र १ नगरपालिका पर्दछन् । गा.वि.स. र नगरपालिकाका सामुदायिक मा.वि. समेटिने गरी ७ वटा मा.वि.लाई अध्ययनको क्षेत्र कायम गरिएको छ । यस अध्ययनअनुसन्धानमा विद्यालयको न्यूनतम भौतिक सुधार जस्तै : भवन, जग्गा, फर्निचर,घेराबेरा,चर्पी,पुस्तकालय, खेलमैदान, खोलसामग्री , खानेपानी र कार्यालयलाई मात्र भौतिक पक्षको विश्लेषण र प्रस्तुत गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालयको भौतिक व्यवस्थापन सुदृढीकरणका लागि नै विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ जुन विद्यालयको व्यवस्थापन समिति सक्रिय हुन्छ त्यस विद्यालयको भौतिक पक्ष सबल हुन्छ र जुन विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिम्मेवारी बोध नभएको र निष्क्रीयता हुन्छ । त्यस विद्यायको भौतिक पक्ष अस्तव्यस्त हुन्छ । विद्यालयको भौतिक निर्माणमा संरक्षण र सुदृढीकरण गर्न विद्यालयको व्यवस्थापन समितिको प्रमुख भूमिकाहरूको खोजी गर्नु यस शोधपत्रको मुख्य विषय रहेको छ । ती विषय वस्तुहरू यस स्रोत केन्द्रका माध्यमिक विद्यालयहरूमा केन्द्रीत रही केही प्रमुख प्रश्नहरू यस प्रकार रहेका छन् ।

क) भौतिक पक्षको व्यवस्थापनमा विद्यालय व्यवस्थापन पक्षले कस्तो योगदान दिएको छ?

ख) विद्यालयको भौतिक पक्षको सुधारमा विद्यालय व्यवस्थापन कतिको सक्रिय छ ?

ग) के भौतिक अभावले शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न सकिन्छ ?

घ) विद्यालय व्यवस्थापन समितिको सक्रियताले के शैक्षिक विकास र शैक्षिक गुणस्तरमा अभिवृद्धि हुन सक्छ ?

ङ) के विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रति दायित्व सक्षमताका साथ बहन गर्न सक्दछ ?

च) विद्यालयको भौतिक पूर्वाधारहरूलाई निर्माण गर्न कहाँ कहाँबाट आर्थिक स्रोत जुटाउन सकिन्छ ?

छ) विद्यालय व्यवस्थापन समितिका वर्तमान भूमिकालाई अझ सशक्त र प्रभावकारी बनाउन के कस्तो योगदान निर्वाह गर्न सक्नु पर्दछ?

ज) विद्यालय व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गर्न के के गर्नुपर्छ?

झ) विद्यालय र समुदाय बीच सम्बन्ध बलियो पार्न विद्यालय व्यवस्थापन समितिले के कस्तो योगदान निर्वाह गर्नुपर्छ ।

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन अनुसन्धानले सम्वन्धित क्षेत्रका विद्यालयहरूको प्र.अ. तथा शिक्षकहरूलाई विद्यालयको भौतिक सुधार गर्न सहयोग मिल्छ ।

यस क्षेत्रका विद्यालय व्यवस्थापन समितिहरूलाई विद्यालयको अनुगमन र भौतिक सुधार गर्न सहयोग पुग्छ ।

सम्बन्धीत क्षेत्रका योजनाकारहरूलाई शैक्षिक तथा विद्यालय भौतिक योजना तर्जुमा गर्न सहयोग पुग्छ ।

यस क्षेत्रका नीति निर्माताहरूलाई शैक्षिक नीति निर्माणमा सम्बन्धित तथ्याङ्क उपलब्ध हुन्छ ।

यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूलाई सन्दर्भ सामग्रीको रूपमा सहयोग मिल्छ ।

सम्वन्धित विद्यालयहरूको शिक्षक, अभिभावक संघ र सरोकारवाला पक्षहरूलाई विद्यालयको भौतिक निर्माण पुरा गर्न आधार प्राप्त हुन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनकोउद्देश्य निम्नानुसार छन्:

क) विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिद्वारा सम्पादित कार्यको लेखाजोखा गर्नु ।

ख) विद्यालयको भौतिक सुविधाको विश्लेषण गर्नु ।

ग) विद्यालयको भौतिक सुविधाले कक्षागत उपलब्धीमा पार्ने प्रभावको लेखाजोखा गर्नु ।

घ) विद्यालयको भौतिक पक्ष सुधारका लागि वि.व्य.स.को भूमिका प्रभावकारी बनाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नावलीहरू

शोधकार्य स्वभाविकरूपले अनुसन्धानमूलक हुने भएको र त्यस्ता अनुसन्धानबाट सम्वन्धित समस्याको समाधान गर्न उपयुक्त उपाय निकाल्न सकिने हुँदा यस्ता समस्याहरू समाधान गर्न सहज होस् भन्ने उद्देश्यले केही अनुसन्धानका प्रश्नहरू तल प्रस्तुत गरिएको छ ।

क) माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको विद्यालयको भौतिक सुधारमा कस्तो योगदान रहन्छ?

ख) विद्यालयको भौतिक अवस्थाले शिक्षणमा कस्तो प्रभाव पार्छ ?

ग) विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो छ ?

घ) विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक तथा भौतिक व्यवस्थापनमा सही नेतृत्व दिई सफल बनाउनका लागि के कस्ता उपायहरू अवलम्वन गरिनु पर्दछ ?

ङ) भौतिक सुधारमा देखापरेका समस्याहरू के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन अनुसन्धान देउरी स्रोतकेन्द्रको विद्यालयहरू मध्ये समुदायिक माध्यमिक तहमा मात्र आधारित छ । यस क्षेत्रमा उच्च माध्यमिक, माध्यमिक, निम्न माध्यमिक, प्राथमिक विद्यालयहरू भएतापनि शुद्ध माध्यमिक तहलाई मात्र अध्ययन गरिएको छ । अध्ययनका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिलाई मात्र अध्ययनको क्षेत्र कायम गरिएको छ । विद्यालयको भौतिक पक्ष अन्तर्गत भवन, कक्षाकोठा, कार्यालय, शौचालय, पुस्तकालय, खेलमैदान, घेरावारा र खानेपानी मात्र अध्ययन गरिएको छ । यो अध्ययन नगरपालिका क्षेत्रमा गरिएको हुनाले अन्य क्षेत्रसँग मेल नखान सक्छ । यो अध्ययन नमूना छनोटमा परेका उत्तरदाताहरूको सूचनाको आधारमा पूर्ण रूपमा तयार पारिसकेकाले उत्तरदाता फरक परेमा मेल नखान सक्छ । यस अध्ययनमा विद्यालयको अन्तिम दुई वर्ष (२०६६र २०६७) लाई मात्र अध्ययन गरिएको छ । यो अध्ययन सामुदायिक माध्यमिक विद्यालयहरूको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको योगदानमा मात्र केन्द्रित रहेको छ ।

**१.७ सम्वन्धित शब्दावलीहरूको परिभाषा**

क) स्रोतकेन्द्रः नेपाल सरकारले शिक्षा क्षेत्र अन्तर्गत जिल्ला कार्यालय भन्दा तल ४/५गा.वि.स. भित्र पर्ने विद्यालयहरूलाई रेखदेख र शैक्षिक कार्यक्रम एकिकरण गर्ने निकाय हो ।

ख) अध्ययनको तहः माध्यमिक (९ देखि १० कक्षा सम्म)

ग) माध्यमिक कक्षा : ९ देखि १०कक्षा सम्म भन्ने बुझिन्छ ।

घ) भौतिक पक्ष : शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त वैज्ञानिक, व्यवहारिक, ज्ञान, सीप र अभिवृत्ति विकास गराउन आवश्यक पर्ने सुविधालाई भौतिक पक्ष भनिन्छ ।

# परिच्छेद : दुई

## सन्दर्भ सामग्रीको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यो शोधपत्रको खोजमुलक अध्ययन अनुसन्धानमा पुर्व साहित्यको अध्ययन गर्न अर्थात आधारको रूपमा प्रयोग गर्न महत्वपूर्ण स्थान रहेको हुन्छ । यस्ता सिद्धान्त पुस्तक,लेख, रचना, समीक्षा आदि पूर्व साहित्यलाई वर्तमानको अनुसन्धान विषयसँग सम्बन्ध र तुलना गरी समीक्षा गरिएको छ ।

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

दाहाल (२०६१) का अनुसार समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्य शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रम प्रजातन्त्रको अभ्यास हो । शैक्षिक प्रजातान्त्रिकरण र शैक्षिक विकेन्द्रीकरण एकै सिक्काका दुईपाटा हुन् । विकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्यायोजन गरी शिक्षामा सरोकारवालाहरूलाई जवाफदेही र उत्तरदायि बनाउने कार्य हो । शिक्षकहरू असहमती देखिने २ वटा वुँदा छन् । १) शिक्षा राज्यको दायित्व हो । राज्य शिक्षाको दायित्वबाट आफू अलग हुनखोजी रहेको छ । २) शिक्षामा राजनितीकरण भई शिक्षकलाई दुःख पाउने र पठनपाठनमा वाधा पुगी गुणस्तरमा कमी आउन सक्ने भनिएको छ । शिक्षकलाई इङिगत गर्दै लेखिएको छ की यदि समुदायमा विद्यालय हस्तान्तरण कार्य विकेन्द्रीकरणको विरूद्धमा र प्रजातन्त्रको विरूद्धमा छ भर्ने शिक्षक मित्रहरूले सम्वन्धित पक्षलाई प्रष्ट्याउनु पर्‍यो। यदि प्रजान्त्र र विकेन्द्रीकरणको पक्षमा छ भने कार्यक्रमलाई सहयोग गर्नुपर्‍यो भनि लेखिएको छ (दाहाल,२०६१) ।

सिन्हा ( २०६२) को अनुसार मानवअधिकार, बालअधिकार, महिलाअधिकार वा शैक्षिक अधिकार तथा सवैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धताहरूले गर्दा शिक्षा प्रति बढ्दो जनआकांक्षा तथा जनचाहना परिपूर्ती गर्ने राज्य स्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई गाउँ नगरसम्म पुर्‍याउनु विकेन्द्रीत शैक्षिक योजनार व्यवस्थापनको टड्कारो आवश्यकता आज विश्वभरी नै देखिएको छ । विकेन्द्रकरणको औचित्य संस्थागत सुधार, विद्यालयलाई जनताको नजिक ल्याउने, अपेक्षित उद्देश्यहरूलाई सुनिश्चित गर्नु हो । यसको लागि तल्लो निकायको स्वरुप निर्धारण विधि, क्षेत्रमा आधारित व्यवस्थापन,

पाठ्यक्रम सुधार विधि र दुई धुवीय विधिबाट शासन गर्नुपर्ने भनि शैक्षिक उन्नयन २०६२ वैशाख अंक १ मा लेखकले औल्याएका छन् । केन्द्रीय स्तरको निर्णयले स्थानीय आवश्यकता र चाहनालाई समेट्न सक्दैनन् । प्रत्येक समुदायको आफ्नै भौगोलिक किसिमको अवस्थिती, सामाजिक संरचना, आर्थिक बनौट, शैक्षिक स्थिति र विशेषता हुन्छन् । सोही विशेषता अनुरूप नै शैक्षिक आवश्यकता र कार्यक्रममा विविधता ल्याइ शासन गर्नु पर्दछ । शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी यावत प्रकृयामा सरोकारवालाहरूको पूर्ण सहभागिता र जवाफदेहिताको प्रारूप राज्यले सुनिश्चित गरिदिनु पर्छ भन्ने लेखकको ठहर छ ( सिन्हा,२०६२ ) ।

सुवेदी (२०६०) को अनुसार सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरणको पृष्ठभूमि, हालको प्रकृया, समस्याहरू, समाधानका उपायहरूको बारेमा चर्चा गरिएको छ । २०६० साल पौष १८ गते सम्म नेपाल अधिराज्यमा ३६ जिल्लामा १५० वटा विद्यालयका माध्यमिक तह समुदायमा हस्तान्तरण भइसकेको जनाइएको छ । सो लेखमा विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानीय वातावरण, आवश्यकता र समस्यानुसार कस्तो ज्ञान, सीप, बालवालिकालाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यसबाट स्वास्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय शिक्षाको पहुँच हुनेछ । जसमार्फत शैक्षिक क्षति कम हुनगई सामुदायिक विद्यालय प्रति अपनत्व बढ्ने एवम् सञ्चालनमा सहजता आउने कुरा लेखिएको छ ( सुवेदी, २०६०) ।

खनाल (२०६१) का अनुसार विकासका आयाम फरक प्रकारका छन् । सुधार भनेको अग्रगमन हो । परिवर्तित समाजलाई अग्रगमनमा लैजाने माध्यम नै शिक्षा हो । नेपालले सहस्राब्दी विकासको लक्ष्य के बनाउने ? र यसमा कसरी पुग्ने ? भन्नेमा लेख केन्द्रित छ । शिक्षाको विकासको प्रयासलाई केलाउँदा प्राथमिक तहमा खुद भर्नादर ८२.४ प्रतिशत पुगेको, जसमा ३५/४० % मात्र माध्यमिक तह पुग्ने, बालबालिकालाई एक घण्टा भन्दावढी हिड्नु नपर्ने, महिला शिक्षा संख्या २६ प्रतिशत पुगेको, स्रोत कार्यान्वयन गर्ने ईकाइसँग सोझै आवद्ध गरिएको वर्तमान अवस्था छ । सन् २०१५ सम्म खुद भर्नादर ९० प्रतिशत पुग्न गाह्रो हुने, अझै ४६.३ प्रतिशत जनसङ्ख्या निरक्षर छन् विद्यालय छाड्ने दर उच्च छ । साक्षरता सम्वन्धी सवै कार्यक्रम गा.वि.स./न.पा.लाई जिम्मा दिने भनिए पनि लिनदिन हिच्किचाई रहेका छन् । हरेक स्थानीय निकायमा साक्षरताको आधार विन्दु मानेर वार्षिक

लक्ष्य निर्धारण गर्न नसकिरहेको हुँदा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने प्राथमिक तहदेखि नै निकै कसरत गर्नुपर्ने भनी लेखकले सहस्राब्दी विकास लक्ष्य र वर्तमान नेपालको शैक्षिक विवेचना महिला शिक्षा वर्ष ५, अंक ५, २०६१ मा गरिएको छ । लेखकले सहस्राब्दी विकास लक्ष्यको गन्तब्यमा पुग्न नेपालले निश्चयनै कठोर परिश्रम एवम् सरकार सहजकर्ता मात्रै नभई जोखिम उठाउने यन्त्रको रूपमा समुदायलाई शिक्षित बनाउनु कार्यक्रमहरू लिएर गाउँ गाउँमा जानुपर्ने लेखेका हुन । श्रोतको निरन्तरता, सरकारी एवम् राजनैतिक दलको प्रतिवद्धता, गैरसरकारी संस्थाको संलग्नता र समुदाय सशक्तिकरणको माध्यमबाट अगाडि बढेमा लक्ष्य हासिल हुने उल्लेख छ (खनाल, २०६१) ।

बरुवाल (२०५६) का अनुसार काठमाण्डौ जिल्लाका ३४२ वटा माध्यमिक विद्यालयहरू मध्ये गोलाप्रथावाट तानेर आएका ६ वटा निजी तथा आवासीय विद्यालय र ६ वटा सार्वजनिक विद्यालयहरूलाई अध्ययनको नमूनाको रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि अवलोकन फाराम र प्रश्नावलीलाई माध्यम बनाइएको छ । उपरोक्त शोधपत्रमा प्रधानाध्यापकहरूले विद्यालयको शिक्षण सिकाइमा निर्वाह गरेको भूमिका सन्तोषजनक पाइयो । शिक्षा नियमावलीमा उल्लेख गरिएको प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तथा विद्यालयमा कार्यान्वयनको अवस्थामा फरक पाइयो, त्यसै गरी शैक्षिक योजना तथा व्यवस्थापनको पक्षमा सरकारी विद्यालय भन्दा निजी विद्यालयहरू अगाडि रहेको पाइयो । यसको अर्थ प्र.अ.को भूमिका प्रभावकारी नभएकोले विद्यालय शिक्षाको गुणस्तर कमी आएको निष्कर्ष निकाल्न सकिन्छ । विद्यालयको शिक्षाको गुणस्तर वृद्धिका लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुने भएको हुँदा उक्त पदको जिम्मेवारी दिदाँ उचित सोचविचार पुऱ्याउनु पर्ने । प्रधानाध्यापकहरूको क्षमता विकासका लागि छोटो र लामो अवधिका लागिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । प्रधानाध्यापकहरूले शिक्षा ऐन निमावली तथा नीति निर्देशनहरूलाई आत्मसात गरी कार्य गर्नु पर्ने । तालिमको प्रभावकारी कार्यान्वनका वारेमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु गराउनु पर्ने । उचित र प्रभावकारी विद्यालय प्रशासन विकासका लागि प्रोत्साहन र दण्डको समेत व्यवस्था आवश्यक मात्रामा गरे उचित हुने । सम्वद्ध सरकारी निकायले शिक्षासँग सम्वद्ध ऐन नियमावली तथा नीति निर्देशनहरूमा समयानुकुल परिमार्जन गर्दै लैजानु पर्ने । प्रधानाध्यापकहरूलाई विद्यालयको व्यवस्थापनका लागि वढी जिम्मेवार र उत्तरदायी बनाउन उनीहरूलाई वढी स्वायत्तता दिइनु पर्ने आदि (बरूवाल,२०५६) ।

निरौला(२०६२) का अनुसार उच्च स्तरीय शिक्षा आयोग २०५५ले सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गर्न सिफासि गरे अनुरूप शिक्षा ऐन तथा नियम व्यवस्था गरी सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गरेको पाइन्छ । यसै प्रसङ्गमा तेह्रथुम जिल्लामा पनि आ.व. २०६०/०६१ देखि सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिएको पाइन्छ । यस शोधपत्रमा उल्लेखित विषयको अध्ययनबाट सरकारी विद्यालयको व्यवस्थपन समुदायद्वारा हुँदा शैक्षिक विकास एवम् गुणस्तरमा आउने सुधार अध्ययन गर्ने, विद्यालय समुदाय बीचको सम्वन्धमा अध्ययन, विद्यालयको भौतिक सुधारको जाँच गर्ने, समुदायले आफ्नो दायित्व तथा जिम्मेवारीलाई बहन गर्नसक्ने नसक्ने कुराको जाँच गर्ने साथै कमी कमजोरीहरूको सुधार गर्न सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू निहित छन् । तथ्याङ्क सङ्कलन भएको छ भने गुणात्मक तथ्याङ्कका लागि प्रश्नावलीको उपयोग गरिएको छ । अध्ययनको क्रममा सङ्कलित तथ्याङ्क र तिनको विश्लेषणबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन हुँदा राम्रा र नराम्रा प्रभावहरू देखिएका छन् । समुदायद्वारा विद्यालयको व्यवस्थापन भएपछि विद्यालयका शैक्षिक प्रगतिका सूचाङ्कहरूमा उच्च प्रगति दर कायम भएको देखिन्छ । यसका साथै विद्यालयका समुदायको सम्वन्ध वलियो भएको, विद्यालयप्रति समुदायको अपनत्वको भावना वढेको विद्यालयको भौतिक अवस्थामा सुधार हुन सकेको, पिछडिएको जाति, जनजाति, दलित, उत्पीडित वर्गका छात्र छात्राहरू लाभन्वित हुनसकेको जस्ता राम्रा प्रभावहरू देखिएका छन् । त्यसैगरी नराम्रा प्रभावहरू अन्तर्गत समुदायको पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, विद्यालय व्यवस्थापन समिति सर्वे सर्वा हुन खोजेको, विद्यालयमा राजनैतिक चलखेल बढेको, शिक्षकमा पेशागत सुरक्षाप्रति शङ्का उत्पन्न भएको, सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको महशुस सम्वन्धित पक्षले गरेको जस्ता प्रभावहरू देखिएका छन् (निरौला, २०६२) ।

## २.२ सैद्धान्तिक खाका

एफ.डब्ल्यु टेलर (१८५६) का अनुसार कामदारको कार्यदक्षता वढाएर उत्पादन वढाउन सकिने कुरामा जोड दिई वैज्ञानिक व्यवस्थापनको सिद्धान्तप्रतिपादन गरेको छ । यसरी सानो तहबाट माथिल्लो तहसम्म पुगेको आफ्नो अनुभव, कम्पनीमा गरेका कामहरू, क्षमताको उपयोग र आकर्षण जस्ता कुराको यसलाई प्रत्यक्ष प्रभाव पारिरहेको थियो । उनले १९११ मा "The Principle of Scientific Management" भन्ने पुस्तक मार्फत

बैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरे । उनको उक्त पुस्तकमा Science of shoveling Bicycle factory, Functional org., Piece waye system, Motivation,Training, Human relation जस्ता पक्षलाई विशेष जोड दिए । वास्तवमा वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले राम्रो किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो । यसले अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोड जस्ता तत्वहरू समावेश गरेका छन् साथै परम्परा कार्यशैलीलाई परिवर्तन गरीवैज्ञानिक बनाउनु वैज्ञानिकढङ्गबाट कामदारको छनोट गर्नु, व्यवस्थापक र कामदार वीच सम्वन्ध स्थापित गर्नु वैज्ञानिक ढाँचाले ज्याला निर्धारण र स्पष्ट रूपमा कार्य विभाजन गर्नु यसका सिद्धान्तहरू हुन् । यस सिद्धान्तलाई Frank bilbreth, Henry L.Gantt,Emerson आदिले समर्थन र सहयोग गरेका छन् (कोइराला र श्रेष्ठ, (२०६२ मा उद्धृत ) ।

एच.फोयल (१८४१-१९२५) का अनुसार व्यवस्थापनको प्रकृया,पद्धति र कार्यको आधारमा यो सिद्धान्त विकसित गरिएको छ । फ्रान्सको विग्रदो स्थितिमा रहेको कोइला खानीलाई सफल व्यवस्थापन नेतृत्व प्रदान गरी यसले रोमञ्चकारी इतिहास नै बनाई दिए । आफ्नो ५० वर्षको व्यवस्थापन अनुभवको आधारमा व्यवस्थापकहरूलाई स्पष्ट मार्गनिर्देशन गर्न र व्यवस्थापन अभ्यासलाई व्यवस्थित गर्न उनले ठूलो योगदान दिए । यसले व्यवस्थापनका कार्यलाई Poccc (Planning organizing, Commanding, Co-ordinating controlling) को रूपमा प्रस्तुत गरे । यसको क्रियाकलापहरू प्राविधिक, वाणिज्य, वित्तीय, सुरक्षा, लेखा व्यवस्थापकीय आदि हुन् । त्यसैगरी व्यवस्थापनका सिद्धान्तमा कार्य विभाजन अधिकार र दायित्व, अनुशासन, आदेशमा एकता, सामूहिक कल्याण, केन्द्रिकृत,क्रमवद्धता, निष्पक्षता, जागिरको स्थायित्व, प्रात्साहन र सहयोगको भावना आदिलाई प्रतिपादन गरेको हुन् । यस सिद्धान्तलाई E.F.C. Brich, S.P. Robbins, Theo Himany,Aliver Seldom जस्ता विद्वानहरूले योगदान पुऱ्याएका छन् (कोइराला र श्रेष्ठ, २०६२ मा उद्धृत) ।

म्याक्स वेबर (१८६४-१९२०) का अनुसार चर्च, सैनिक, सरकारी र व्यपारिक क्षेत्रको स्थापना तथा त्यसको आन्तरिक संरचनामा महत्वपूर्ण पक्षलाई अध्ययन गरी कर्मचारीतन्त्र व्यवस्थापन सिद्धान्तको प्रतिपादन गरेको थियो । कर्मचारीतन्त्र व्यवस्थापनले आधुनिक

समकालिन सङ्गठनात्मक सिद्धान्तको आधारसिला खडा गरेको छ । कर्मचारीतन्त्रमा तलदेखि माथि सम्मको कर्मचारीको स्तर, पद, अधिकार र दायित्वको किटान हुनुपर्ने कुरामा जोड दिइयो । त्यो आदेश सङ्गठन नै कर्मचारीतन्त्र हो । जसको क्रियाकलाप र उद्देश्यहरू विवेकपूर्ण ढङ्गबाट सोचिएको हुन्छ र सुव्यवस्थित ढङ्गले कार्य विभाजन गरिन्छ । गुणस्तरीयता र योग्यताका आधारमा कर्मचारीको कार्यसम्पादनको निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । सङ्गठनमा उच्चस्तरको इमान्दारीता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा सङ्गठनको विकास गर्नुपर्ने धारणा यसले राखेका छन् । यस सिद्धान्तका विशेषताहरू यसप्रकार रहेका छन् । श्रम विभाजन, अधिकारको विभाजन, कर्मचारीका सामूहिक तथा वैयक्तिक भूमिका, संस्थागत भूमिका, प्राविधिक क्षमता, कार्यविधिका व्यवस्था, निष्पक्ष र स्पष्ट वैयक्तिक सम्वन्धको स्थापना, नियम र कार्य पद्धति स्पष्ट रूपमा परिभाषित गर्नु, पद्धति, प्रकृया र कार्यस्थिति अनुसार व्याख्या गर्नु आदि (कोइराला र श्रेष्ठ, २०६२ मा उद्धृत) ।

## २.३ शैक्षिक उपादेयता

माध्यमिक विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका विषयसँग सम्वन्धित अध्ययन अनुसन्धानको समीक्षा गरी त्यसको आवश्यक पृष्ठपोषण लिएर यो अध्ययन सामग्री तयार पारिएको छ र यस अध्ययन अनुसन्धानले विद्यालयका व्यवस्थापन समितिहरूलाई भौतिक सुधार गर्न सहयोग पुग्दछ । विद्यालयमा भौतिक पक्षको अभावले शैक्षिक गुणस्तरमा पर्ने प्रभावहरूको खोजी गरी समस्याको हल गर्ने उपायहरूको प्रस्तुत गर्नुका साथै विद्यालय प्र.अ. तथा शिक्षकहरूसँग समुदाय र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध प्रगाढ र विद्यालयप्रतिको दायित्व तथा जिम्मेवारीको वोध गराइ विद्यालयको वृत्ति विकासमा सहयोग पुग्न सक्दछ । जीर्ण रहेका विद्यालयको भौतिक पूर्वाधारहरूलाई मर्मत गर्न, निर्माण गर्न, प्र.अ.लाई स्रोत जुटाउने उपायहरू अवगत गराउँदछ । त्यस्तै भौतिक योजनाकार र शैक्षिक नीति निर्मातालाई पनि यो अध्ययन अनुसन्धानले विद्यालयको भौतिक सुधार सम्वन्धी योजना तथा नीति बनाउन आधार प्राप्त हुन्छ । विद्यालय व्यवस्थापन सम्बन्धी र भौतिक निर्माण सम्वन्धी अध्ययन गर्ने अध्ययन अनुसन्धानकर्तालाई तथ्याङ्क उपलब्ध गराउँछ र आधारको रूपमा प्रयोग गर्न सकिन्छ ।

उक्त विद्वानहरूको सिद्धान्त र सम्वन्धीत लेख, रचनाले सर्वप्रथम विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारको वारेमा जानकारी गराउदछ । यस शोधपत्रको अध्ययनले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई विद्यालयका हरेक काम कारवाहीमा प्रत्यक्ष सहभागीका लागि नयाँ आयाम थप्न जान्छ । यिनीहरू विद्यालयमा हुने गरेका परीक्षा सञ्चालनमा अनुगमन, भवन, शौचालय, खानेपानी, घेरावेरा, फर्निचर, मर्मत आदिको निर्माण कार्यमा प्रत्यक्ष सहभागिता जनाउन उत्सुक हुन्छन् । यति मात्र होइन विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग सम्वन्ध भएकोले भौतिक निर्माणका लागि समुदायलाई सक्रिय बनाउने कार्य गर्दछ । अर्थात माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग सम्वन्ध भएकोले भौतिक निर्माणका लागि समुदायलाई सत्रिय बनाउने कार्य गर्दछ । अर्थात माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक सुधारको आवश्यकता किन पर्दछ ? विद्यालयको भौतिक सुधारका लागि के के प्रयासहरू अवलम्वन गर्नुपर्छ ? भन्ने कुरको अवगत गराइ विद्यालयको चौतर्फी विकासमा टेवा पुऱ्याउने कार्य गर्न सक्दछ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई जिल्ला शिक्षा कार्यालय र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालयको भौतिक सुधारमा ध्यान आकर्षण वढाउन सक्दछ अर्थात विद्यालय व्यवस्थापन समितिले विद्यालय र समुदाय बीच पुलको रूपमा कार्य गर्न सक्नुपर्छ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानबाट प्राप्त गर्न खोजिएको उद्देश्य हासिल गर्न अनुसन्धानकर्ताले अध्ययनको प्रकृति अनुसारको अनुसन्धान ढाँचा अपनाउनु पर्ने हुन्छ । बढी तथ्यपरक र गुणात्मक नतिजा प्राप्त गर्न अनुसन्धान ढाँचा उपयोग एवम् व्यवहारिक हुनु आवश्यक हुनेछ । अतः यो शोत्र पत्र गुणात्मक र परिमाणात्मक दुवै ढाँचामा आधारित छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ जनसङ्ख्या

देउरी स्रोतकेन्द्र अन्तर्गत १० वटा सामुदायिक माध्यमिक विद्यालयहरू यस अध्ययनको जनसङ्ख्या रहेको छ । उक्त छनोटको आधारमा प्राप्त माध्यमिक विद्यालयका प्र.अ., शिक्षकहरू, अभिभावकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरू विद्यार्थीहरू, शिक्षक अभिभावक संघको अध्यक्ष, सम्वन्धित स्रोतव्यक्ति, आदिहरूलाई यस अध्ययनको जनसङ्ख्या रहेको छ ।

### ३.२.२ नमूनाको आकार

यस शोधपत्रमा अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न गा.वि.स.र नगरपालिका अन्तर्गत ७ ओटा सामुदायिक माध्यमिक विद्यालयहरूलाई छनोट गरिएको छ । छनोटमा परेका विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिका ७ जना अध्यक्षहरू, ७ जना प्रधानाध्यापकहरू, ७ शिक्षकहरू,७ जना विद्यार्थीहरू र एक जना स्रोतव्यक्ति आदि नमूनाको आकार रहेको छ ।

### ३.२.३ नमूना छनोट आधारहरू

नमूना छनोट सम्वन्धमा J.V. Kahn &W.Best (1999) शिक्षामा अनुसन्धान (Research in education र C.R. Kothari, 2000) अनुसन्धान विधि (Research Methodology) मा नमूना छनोट गर्दा कूल जनसङ्ख्याको २० देखि २५ प्रतिशत नमूना

छनोट गर्न उपयूक्त हुन्छ भन्ने उल्लेख भएको हुँदा सोही तथ्यलाई आधार मानेको छ । यस स्रोतकेन्द्रका गा.वि.स. र नगरपालिका भित्र पर्ने सामुदायिक माध्यमिक विद्यालयलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ । यसबाट अनुसन्धनको प्राप्ती, निष्कर्ष र विश्वसनीय, वैध, प्रतिनिधिमूलक हुने विश्वास गरिएको छ ।

### ३.२.४ नमूना छनोट विधि

अध्ययन अनुसन्धान तथ्य फरक हुन्छ । अनुसन्धान गर्ने क्रममा समग्रता कै अध्ययन गर्न समय र स्रोतसाधनले सम्भव नहुन सक्दछ । त्यसैले सम्पुर्ण इकाईबाट केही प्रतिनिधिमूलक इकाइको छनोट गरी अनुसन्धान गरिएको छ । नमूना छनोट विधिमा सानो इकाइले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गरेको छ भने मान्यताबाट यो शोधपत्रमा विभिन्न विधिमध्ये सम्योग नमूना छनोट (Random sampling) र उद्देश्य नमूना छनोट (Purposive sampling) विधिको प्रयोग गरिएको छ । यसमा प्रयोग गरिने साधनहरू यस प्रकारका छन् । जस्तै :स्थलगत अध्ययन, अवलोकन, अन्तरवार्ता, छलफल भेटघाट, विद्यालय अभिलेख आदि ।

### ३.२.५ तथ्याङ्कका स्रोत

क)प्राथमिक स्रोत : अध्ययनकर्ता स्वंय विद्यालयहरूमा स्थलगत भ्रमण गरी सम्बन्धित पक्षसँग अन्तरवार्ता लिइ प्रश्नावली गर्ने काम गरियो । विद्यालयको अभिलेख अध्ययनगरी रूजुसूचीलाई उपयोग गरी विशेषज्ञ र जिम्मेवार कर्मचारीसँग जिज्ञासा तथा सुझाव लिने काम भयो ।

ख) द्वितय स्रोत : विद्यालयका तथ्याङ्क बैठकपुस्तिका, भौतिक निर्माण समितिका प्रतिवेदन,विद्यालय सुधारयोजना साथै विद्यालय व्यवस्थापन समितिको कार्यबारे प्रकाशन गरेका लेख, रचनाहरूलाई अध्ययन गरीतथ्याङ्क सङ्कलन गरियो । यस स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई तालिका बनाइ प्रस्तुत गरिएको छ ।

## परिच्छेद : चार

# तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

विद्यालयको शैक्षिक तथा भौतिक अवस्था देखाउने सूचनाको आधारमा विद्यालयको शैक्षिक तथा भौतिक प्रगति वारे जानकारी हासिल गर्न सकिन्छ । माध्यमिक विद्यालयहरूको दुई वर्षको भौतिकसुधारका तथ्याङ्कको शैक्षिक गतिविधिहरूलाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयवधिमा सङ्कलित तथ्याङ्कहरूबाट देखाएको परिवर्तनको आधारमा माध्यमिक विद्यालयहरूको भौतिकसुधारमा विद्यालय व्यवस्थापन समितिको योगदान वारे आङ्कलन गर्न सकिन्छ । यसका लागि अवलोकन फारमबाट भौतिक सुधारका सूचाङ्कहरूको तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनको प्रमुख विद्यालय अभिलेख तथा प्रश्नावली रहेका छन् ।

## ४.१ भौतिक सुधारमा व्यवस्थापन समितिको योगदान

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको योगदान सम्बन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.१.१ विद्यालयको भौतिक सुधारका लागि आर्थिक स्रोतको व्यवस्थापन

उपयुक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. १ : विद्यालय भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउने सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आन्तरिक स्रोतबाट | १ | १४.२८ |
| २ | सरकारीबाट | २ | २८.५७ |
| ३ | गैरसरकारी संस्थाबाट | ४ | ५७.१४ |
| ४ | समुदायबाट | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयमाभौतिक सुधार गर्नका लागि आर्थिक स्रोत कहाँ कहाँबाट जुटाउने ? प्रश्नको उत्तरमा १ जनाले आन्तरिक स्रोतबाट, २ जनाले सरकारी स्रोतबाट, ४ जनाले गैरसरकारी स्रोतबाट र समुदायबाट एक जनाले पनि उत्तर नदिएको पाइयो । यस सङ्कलित तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने विद्यालयको भौतिक सुधारका लागि गैरसरकारी संस्थालाई गुहार्नु पर्छ भन्ने प्रमाणीत गरिएको छ । तर वि.व्य.स.को निस्क्रियताले गैरसरकारी संस्था विद्यालयप्रति कम आकर्षण भएको पाइन्छ । अर्थात गैरसरकारी संस्थाबाट ५७.१४ प्रतिशत आर्थिक स्रोत जुटाउने गरिन्छ भने यस क्षेत्रका माध्यमिक विद्यालयहरूको आन्तरिक स्रोतबाट सवभन्दा न्यून १४.२८ प्रतिशत विद्यालयमा भौतिक सुधारमा लगानी गरिन्छ ।

### ४.१.२ प्र.अ. तथा शिक्षकहरूबाट वि.व्य.स.को योगदान

यस अध्ययनको क्रममा विद्यालयको प्र.अ. तथा शिक्षकहरूबाट वि.व्य.स.को भूमिका सम्बन्धमा यस प्रकार विश्लेषण गरिएको छ ।

तालिका नं. २ : विद्यालयको भौतिक सुधारमा वि.व्य.स.को कार्यको सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक स्रोत जुटाउन | ३ | ५७.१४ |
| २ | सरोकारवालासँग छलफल | २ | १४.२८ |
| ३ | सामग्री खरिद गर्न | १ | १४.२८ |
| ४ | माथिका सवै | १ | १४.२८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिका तालिका अनुसार वि.व्य.स.ले विद्यालयको भौतिक सुधारमा कुन कुन कुरामा सहयोग पुऱ्याएको छ ? भन्ने प्रश्नमा आर्थिक स्रोत जुटाउनमा ५७.१४%, सरोकारवालासँग छलफलमा १४.२८%, सामग्री खरिद गर्न १४.२८%, र माथिका सवैमा १४.२८% ले उत्तर दिएको पाइन्छ । यस जानकारीबाट के निष्कर्ष निकालिन्छ भने अधिकांश समितिका अध्यक्षहरूले आर्थिक स्रोत जुटाउनैमा लागी रहेका छन् । आर्थिक निर्माण कार्यको मेरूदण्ड हो भन्ने कुरा सम्बन्धीत क्षेत्रका विद्यालय व्यवस्थापन समितिलाई अवगत रहेको पाइन्छ ।

### ४.१.३ विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति

यो अध्ययनको क्रममा विद्यालयका प्रं.अ. तथा शिक्षकहरूबाट भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति सम्वन्धमा प्राप्त सूचनाहरू निम्नानुसार प्राप्त भयो ।

तालिका नं. ३ : विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्येक पटक | ५ | ७१.४२ |
| २ | कहिलेकाँही | १ | १४.२८ |
| ३ | धेरै कम | १ | १४.२८ |
| ४ | हुदै हुँदैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिका अनुसार विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति कतिको हुन्छ ? भन्ने प्रश्नमा ५ जनाले प्रत्येक पटक, १/१ जनाले कहिलेकाही र धेरैकममा उत्तर दिएका छन भने हुदै हुदैनको उत्तरमा १ जना पनि नरहेको देखिन्छ । यस तथ्याङ्बाट के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यमान विद्यालयहरूको वि.व्य.स.ले विद्यालयमा गर्नुपर्ने भौतिक निर्माणको कार्यमा सहभागिता उच्च रहेको देखिन्छ ।

### ४.१.४ विद्यालयको भौतिक सुधारमा वि.व्य.स.ले गर्ने अन्तरक्रिया

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयका प्र.अ. तथा शिक्षकहरूबाट अन्तरक्रियासम्वन्धमा प्राप्त सुचनाहरूलाई तल व्याख्या गरिएको छ ।

तालिका नं. ४ : वि.व्य.स.ले गरिने अन्तरक्रियाको सम्बन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरोकारवालासँग | २ | २८.५७ |
| २ | गैरसरकारी संस्थासँग | ४ | ५७.१४ |
| ३ | समुदायसँग | १ | १४.२८ |
| ४ | सवैसँग | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिका तालिका अनुसार वि.व्य.स.ले कस कससँग अन्तरक्रिया गर्दछ भन्ने प्रश्नमा सवभन्दा वढी गैरसरकारी संस्थाको उत्तरमा ५७.१४% , सरोकारवालासँग २८.५७%, समुदायसँग १४.२८% ले उत्तर दिएका छन् र सवैसँगमा एउटै उत्तर नआएको देखिन्छ यस बाट के प्रष्ट्याउन सकिन्छ भने यहाँका विद्यालयहरू परनिर्भर रहने बानीको विकास भएको पाइन्छ । यस क्षेत्रको विद्यालयहरूमा विभिन्न संस्थाले मात्र सहयोगपुऱ्याउछ भन्ने प्रष्ट पारेको छ । यस नतिजालेटेलरको सिद्धान्तसँग आंशिक रूपमा मेल खान सक्दछ।

## ४.१.५ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू विद्यालयको अवलोकन र निरीक्षण विश्लेषण

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा नमूना छनोटमा परेको विद्यालयहरूको प्र.अ. तथा शिक्षकहरूबाट अवलोकन र निरीक्षण सम्बन्धमा प्राप्त सुचनाहरू तल व्याख्या गरिएको छ ।

तालिका नं. ५ : वि.व्य.स.द्वारा अवलोकन र निरीक्षणका सम्बन्धमा (वर्षमा)

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक पटक | १ | १४.२८ |
| २ | दुई पटक | ३ | ४२.८५ |
| ३ | तीन पटक | ३ | ४२.८५ |
| ४ | आउदैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा वि.व्य.स.का पदाधिकारीहरू विद्यालयमा कति पटक अनुगमन र निरीक्षण गरिन्छ ? भन्ने प्रश्नमा तीन पटक र दुई पटकमा ४२.८५% , एक पटकमा १४.२८% ले उत्तर दिएका छन तर आउदैनमा कसैले पनि उत्तर नदिएको देखिन्छ। यस तथ्याङ्कबाट के सिद्धान्त जस्तै वि.व्य.स.हरूलाई आफ्नो भूमिकाको बारेमा अवगत भएको पाइन्छ ।

### ४.१.६ विद्यालय भौतिक अवस्थाको विश्लेषण

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा नमूना छनोटमा परेको विद्यालयहरूको प्र.अ. तथा शिक्षकहरूबाट भौतिक अवस्थाको सम्बन्धमा प्राप्त सुचनाहरू तल व्याख्या गरिएको छ ।

तालिका नं. ६ : वि.व्य.स.का विद्यालय भौतिक अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तीन जानलाई | १ | १४.२८ |
| २ | छ जनालाई | ४ | ५७.१४ |
| ३ | सवैलाई | २ | २८.५७ |
| ४ | कसैलाई पनि होइन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयको भौतिक अवस्थावारे जानकारी वि.व्य.स.को कति जना पदाधिकारीहरूलाई छन्? भन्ने प्रश्नमा तीन जनालाई १४.२८%, ६ जनालाई ५७.१४%, सवैलाईमा २८.५७%,ले उत्तर दिएका छन् र कसैलाई होइनमा उत्तर नआएको पाइन्छ । यसबाट के प्रष्ट हुन सकिन्छ भने अधिकांश समितिका सदस्यहरू विद्यालयमा विभिन्न कार्यक्रम मार्फत आउने जाने भएको हुँदा वढिसे वढि विद्यालयको भौतिक अवस्था वारे जानकारी प्राप्त भएको हुन्छ । यस तथ्याङ्को परिणामले म्याक्स वेवरको सिद्धान्तसँग मेल खाएको जस्तो प्रष्ट हुन्छ ।

### ४.१.७ वि.व्य.स.ले विद्यालय भौतिक सुधारमा गरिने पहल

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा विद्यालयका प्र.अ. तथा शिक्षकहरूबाट भौतिक सुधारको सम्बन्धमा प्राप्त सुचनाहरू तल व्याख्या गरिएको छ ।

तालिका नं. ७ : वि.व्य.स.का विद्यालय भौतिक सुधारमा गरिने पहल

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
| --- | --- | --- | --- |
| १ | धेरै पटक | - | - |
| २ | प्रयासरत | २ | २८.५७ |
| ३ | कहिलेकाही | ३ | ४२.८५ |
| ४ | गर्दै गर्दैन | २ | २८.५७ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा वि.व्य.सले विद्यालयको भौतिक सुधारमा कतिको पहल गर्दछ ? भन्ने प्रश्नमा २८.५७% प्रयासरतमा, ४२.८५ % कहिलेकाहीमा, २८.५७% गर्दै गर्दैनमा उत्तर दिएका छन् भने धेरै पटकमा एक जनाले पनि उत्तर नदिएको देखिन्छ । यस तथ्याङ्क बाट के प्रष्ट हुन्छ भने अधिकांश विद्यालयहरूको समितिले कहिलेकाहि मात्र भैतिक सुधारका लागि पहल गर्दछ अर्थात वि.व्य.स.ले आफ्नो स्वार्थलाई प्राथमिकता दिएको पाइन्छ ।

### ४.१.८ वि.व्य.स.ले विद्यालयमा विद्यार्थीहरूसँग गरेको छलफल

प्रस्तुत अध्ययन अनुसन्धानाका लागि वि.व्य.स.ले विद्यालयमा विद्यार्थीहरूसँग गरेको छलफलको सम्बन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. ८ : वि.व्य.स.ले विद्यालयमा विद्यार्थीहरूसँग गरेको छलफल

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
| --- | --- | --- | --- |
| १ | नियमित | २ | २८.५७ |
| २ | कहिलेकाँही | २ | २८.५७ |
| ३ | आउदैन | १ | १४.२८ |
| ४ | थाहा छैन | २ | २८.५७ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार वि.व्य.स.ले विद्यार्थीसँग गरेको छलफल सम्बन्धी प्रश्नमा नियमित तर्फ २८.५७%, कहिलेकाही तर्फ र थाहाछैन तर्फ २८.५७% तथा आउदैन तर्फ १४.२८% को उत्तर आएको विभिन्छ । यस तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने

समितिका सदस्यहरू न्युनतम रूपमा विद्यालयमा छलफल गर्ने गर्दछन् यसले गर्दा विद्यालयको भौतिक निर्माणमा कठिनाइ पर्दछ भन्ने वुझिन्छ ।

### ४.१.९ विद्यालयले स्रोतव्यक्तिलाई कार्यक्रम र वैठकमा आमान्त्रित गर्ने

प्रस्तुत अध्ययन अनुसन्धानका लागि स्रोतव्यक्तिबाट विद्यालयको कार्यक्रम र वैठकमा आमन्त्रित गर्ने सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. ९ : स्रोतव्यक्तिलाई कार्यक्रम र वैठकमा आमान्त्रित गर्ने सम्वन्धमा

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै जसो | - | - |
| २ | कहिलेकाही | १ | १०० |
| ३ | बोलाइदैन | - | - |
| ४ | प्रत्येक पटक | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा विद्यालय कार्यक्रम वा वैठकमा स्रोतव्यक्तिलाई कतिको आमन्त्रित गरिन्छ ? भन्ने प्रश्नको उत्तरमा कहिलेकाही भनीएको छ । यस अर्थमा स्रोतव्यक्तिलाई विद्यालयको नजिक बनाउन वि.व्य.स. मार्फत पहल गराउनु पर्ने आवश्यक देखिन्छ । यसमा उत्तरदाता एक जना मात्र भएकोले तुलना गर्न मिल्दैन ।

### ४.१.१० विद्यालयको भौतिक निर्माणमा सक्रियता

प्रस्तुत अध्ययन अनुसन्धानका लागि स्रोतव्यक्तिबाट विद्यालयको भौतिक निर्माणमा सक्रियताको  सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. १० : विद्यालयको भौतिक निर्माणमा सक्रियताको अवस्थाको

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ.का. | - | - |
| २ | वि.व्य.स.को | १ | १०० |
| ३ | शिक्षकको | - | - |
| ४ | निर्माण समितिको | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा विद्यालयको भौतिक निर्माण कसको नेतृत्वमा हुन्छ ? भने प्रश्नमा वि.व्य.स.को नाममा उत्तर दिएको छ । यसमा उत्तरदाता एक जनामात्र भएकोले तुलना गर्न मिल्दैन ।

### ४.१.११ विद्यालयको भौतिक निर्माणमा आर्थिक स्रोत जुटाउन

प्रस्तुत अध्ययन अनुसन्धानका लागि स्रोतव्यक्तिबाट विद्यालयको भौतिक निर्माणमा आर्थीक स्रोत जुटाउने सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. ११ : विद्यालयको भौतिक निर्माणमा आर्थिक स्रोत जुटाउन

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समुदायबाट | १ | १०० |
| २ | सरोकारवाला पक्षबाट | - | - |
| ३ | शिक्षामन्त्रालयबाट | - | - |
| ४ | गा.वि.स.बाट | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा विद्यालयहरूको भौतिक निर्माणमा कसबाट आर्थिक स्रोत जुटाउने ? भन्ने प्रश्नमा समुदायबाट हुन्छ भन्ने उत्तर दिइएको छ । एक जना मात्र उत्तरदाता भएकाले तुलना गर्न मिल्दैन ।

### ४.१.१२ विद्यालय अभिलेखबाट व्यवस्थापन समितिको योगदानको विवरण २०६७

तालिका नं. १२: विद्यालय अभिलेखबाट व्यवस्थापन समितिको योगदान सम्बन्धी विवरण २०६७

| क.सं. | विद्यालयको नाम | अन्तरक्रिया (वर्षमा) | बैठक सङ्ख्या (वर्षमा) | कार्यालय |
|---|---|---|---|---|
| १. | श्री जनज्योति उच्च मा.वि., चुहाडे -१३ | १ पटक | न्युनतम १२ पटक | व्यवस्थित |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | आवश्यकता अनुसार | अनियमित | व्यवस्थित |
| ३ | श्री जनता उ.मा.वि.,देउरी-१० | २ पटक | ८ पटक | व्यवस्थित |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | १ पटक | १२ पटक | व्यवस्थित |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | १पटक | ६ पटक | व्यवस्थित |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | १ पटक | १२ पटक | व्यवस्थित |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | २ पटक | १२ पटक | व्यवस्थित |

स्रोत : विद्यालय अभिलेख, २०६७

माथिको तालिकामा खास गरी विद्यालय व्यवस्थापन समितिको सक्रियता र निस्क्रियताको वारेमा अध्ययन गर्न सकिन्छ । यस नमूना छनोटमा परेका माध्यमिक विद्यालयहरू मध्ये श्री राष्ट्रिय उ.मा.वि.वगाहाको अन्तर्क्रीया र विद्यालय वैठक आवश्यकता अनुसार धेरै कम गरेको पाइयो भने वि.व्य.स.को वैठकको हकमा भने ४ वटा विद्यालयमा न्यूनतम १२ पटक बैठक गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले विद्यालयको हकमा अन्तर्क्रिया छलफल श्री जनता उ.मा.वि. देउरी र जनता उ.मा.वि. जोगीदह मा वर्षमा दुई पटक प्र.अ. तथा शिक्षक, समुदाय र गैरसरकारी संघ सस्थाका प्रतिनिधिहरूसँग गर्ने गरेको पाइयो । यसै गरी विद्यालयहरूको कार्यलय भने २०६७ मा सवैमा व्यवस्थित पाईयो ।

### ४.१.१३ विद्यालयमा भौतिक निर्माणका लागि आर्थिक स्रोत विवरण २०६७

तालिका नं. १३ : भौतिक निर्माणका लागि आर्थिक स्रोत जुटाउने माध्यम २०६७

| क.सं. | विद्यालयको नाम | आन्तरिक स्रोतबाट | सरकारी स्रोतबाट | गैरसरकारी स्रोतबाट | समुदायबाट |
|---|---|---|---|---|---|
| १. | श्री जनज्योति उच्च मा.वि., चुहाडे -१३ | छैन | छैन | छ | छ |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | छैन | छैन | छ | छैन |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | छैन | छैन | छ | छ |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | छैन | छ | छ | छ |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | छैन | छ | छ | छ |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | छैन | छैन | छ | छ |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | छैन | छैन | छ | छ |

स्रोत : विद्यालय अभिलेख, २०६७

तालिकाको अध्ययनले नमूना छनोटमा परेका विद्यालयहरू निर्माण कार्य गर्न आर्थिक स्रोत जुटाउने माध्यम र प्रयासहरू प्रस्तुत गरिएको छ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिको सक्रियता र भूमिकको अवस्थावारे वताउछ । त्यसमा श्री त्रियुगा उच्च मा.वि. गाइघाट बाहेक नमूना छनोटमा परेका अरू विद्यालयहरूसँग आवश्यकता अनुसार जग्गा नभएको हुर्दा आन्तरिक स्रोत नभएको प्रमाणीत गर्दछ । यी विद्यालयहरूको प्र.अ.को सक्रियता खास गरी गैर सरकारी संस्था (प्लान नेपाल) बाट आर्थिक स्रोत जुटाई विद्यालयको भौतिक निर्माण कार्यहरू गरेका छन् । आर्थिक स्रोतको विषयमा यी विद्यालयहरूले दुई वर्ष भित्र कुनै सुधार ल्याउन सकेन । श्री जनता उ.मा.वि. जोगिदहले समुदायलाई परिचालन गर्न नसक्नुका कारणले भौतिक निर्माणका लागि आर्थिक स्रोत जुटाउन हम्मे हम्मे परेको छ । यस विद्यालय गरिब समुदायको माझमा अवस्थित भएकाले समुदायबाट आर्थिक स्रोत जुटाउन सकिदैन ।

### ४.२ विद्यालयको भौतिक सुविधा

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयको भौतिक पक्षको विश्लेषण सम्वन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

#### ४.२.१ विद्यालयको भौतिक सुविधा

उपयुक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. १४ : विद्यालय भौतिक सुविधा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त | ४ | ५७.१४ |
| २ | अपर्याप्त | २ | २८.५७ |
| ३ | सुध्रिन लागेको | १ | १४.२८ |
| ४ | थाहा छैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयमा भौतिक सुधारको अवस्था कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा ५७.१४% अध्यक्षहरूले पर्याप्त २८.५७% अध्यक्षहरू अपर्याप्त १४.२८% अध्यक्षले सुध्रिन लागेको र थाहा छैनमा कसैको पनि उत्तर नआएको देखिन्छ । यस तथ्याङ्क आधारमा हेर्दा अहिले पनि विद्यालयको भौतिक निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । टेलर र फोयलको सिद्धान्तसँग तुलना गर्दा विद्यालय व्यवस्थापन समितिले व्यवस्थापकीय कार्य विभाजन नगरेको प्रमाणित हुन्छ ।

#### ४.२.२ विद्यालयमा कक्षाकोठाको अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अध्यक्षहरूबाट विद्यालयको कक्षाकोठाको सङ्ख्याको सम्वन्धमा यस प्रकार विश्लेषण गरिएको छ ।

तालिका नं. १५ : विद्यालयको कक्षाकोठाको अवस्थाको सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुग्ने | ३ | ४२.८५ |
| २ | नपुग्ने | ३ | ४२.८५ |
| ३ | अलि अलि पुग्ने | - | - |
| ४ | धेरै पुग्ने | १ | १४.२८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

उपयुक्त तालिका अनुसार विद्यालयमा विद्यार्थी पढाउने कक्षा कोठा पुग्ने वा नपुग्ने छन भन्ने प्रश्नको उत्तरमा कक्षाकोठा पुग्नेमा ४२.८५%, नपुग्नेमा ४२.८५%, धेरै पुग्नेमा १४.२८% अध्यक्षहरूले उत्तर दिएका छन भने अलि अलि पुग्नेमा कसैले पनि उत्तर नदिएको देखिन्छ । यस अर्थमा विद्यार्थीको भौतिक निर्माणको आवश्यकता समान्य रहेको पाइन्छ अर्थात वि.व्य.स.का विद्यालय भौतिक निर्माण कार्यका लागि निर्वाह गर्नु पर्ने भूमिका सन्तोषजनक रहेको पुष्टि हुन्छ ।

### ४.२.३ खेलमैदान र खेलकुद सामग्रीको अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अध्यक्षहरूबाट विद्यार्थीको तुलनामा खेलमैदान र खेलकुदसामग्रीको सम्वन्धमा यस प्रकार विश्लेषण गरिएको छ ।

तालिका नं. १६ : विद्यार्थीको तुलनामा खेलमैदान र खेलकुद सामग्रीको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुग्ने | १ | १४.२८ |
| २ | नपुग्ने | ६ | ८५.७१ |
| ३ | काम चलाउ | - | - |
| ४ | थाहा छैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयमा विद्यार्थी सङ्ख्याको तुलनामा खेलमैदान, खेलकुद सामग्रीको अवस्था कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा पुग्नेमा १४.२८%, नपुग्नेमा ८५.७१% ले उत्तर दिए भने काम चलाउ र थाहा छैन मा कसैले पनि उत्तर नदिएको

पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने प्रायः जसो विद्यालयहरूमा खेलमैदान नरहेको र खेलसामग्री पनि न्यून रहेको पाइन्छ । यस विषयमा विद्यालय व्यवस्थापन समिति भूमिका टेलेर र फ्योलको सिद्धान्तसँग मेल खादैन भनि प्रष्ट हुन्छ ।

### ४.२.४ विद्यालयमा घेरावेरा, शौचालय र खानेपानीको अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अध्यक्षहरूबाट विद्यालयको घेरावार, शौचालय र खानेपानीको सम्वन्धमा यस प्रकार विश्लेषण गरिएको छ।

तालिका नं. १७ : विद्यालयको घेरावेरा, शौचालय र खानेपानीको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थित | ४ | ५७.१४ |
| २ | अव्यवस्थित | १ | १४.२८ |
| ३ | जीर्ण | १ | १४.२८ |
| ४ | छदै छैन | १ | १४.२८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकाको अनुसार विद्यालयको घेरावेरा, शौचालय र खानेपानीको स्थिति कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा ४ जनाले व्यवस्थित, १,१ जनाले अव्यवस्थित, जीर्ण र छदैछैनमा उत्तर आएको देखिन्छ । यो भौतिक पक्षहरू आधारभूत पक्षका रुपमा दृष्टिगत भएको प्रष्ट हुन्छ । यस तथ्याङ्कबाट के प्रष्ट हुन सकिन्छ भने म्याक्स वेवरको सिद्धान्तलाई पूर्णरुपमा विद्यालय व्यवस्थापन समितिले जिम्मेवारीपूर्ण निर्वाह गरेको पाइन्छ ।

### ४.२.५ विद्यालयको शिक्षण वातावरणका लागि भवनहरूको उपयुक्तता

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा सम्वन्धित विद्यालयका प्र.अ. तथा शिक्षकहरूबाट शिक्षण वातावरणका सम्वन्धमा प्राप्त सूचनाहरू तल व्याख्या गरिएको छ ।

तालिका नं. १८ : विद्यालयको शिक्षण वातावरणका लागि भवनहरूको उपयुक्तता

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्यादै | १ | १४.२८ |
| २ | कम | २ | २८.५७ |
| ३ | सन्तोषजनक | ४ | ५७.१४ |
| ४ | छैन | - | |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा विद्यालयको भवनहरू शिक्षणको वातावरणका लागि उपयुक्त कतिको छन् ? भने प्रश्नमा एक जनाले ज्यादै, दुई जनाले कम, चार जनाले सन्तोषजनकमा उत्तर दिएका छन् र छैनबाट एक जनाको पनि उत्तर नआएको देखिन्छ । यस तथ्याङ्कबाट के प्रष्ट पार्न सकिन्छ भने विद्यालयको शैक्षिक वातावरणलाई वनाउन भवनको सङ्ख्या र स्वरूपको महत्वपूर्ण भूमिका रहेको हुन्छ वास्तवमा जुन विद्यालयको भवन चुस्त र दुरुस्त हुन्छ । त्यस विद्यालयको शैक्षिक वातावरण उपयुक्त रहेको हुन्छ ।

### ४.२.६ विद्यालयमा सम्पूर्ण विद्यार्थीहरू वस्न पुग्ने फर्निचरको अवस्था

प्रस्तुत अध्ययन अनुसन्धानका लागि विद्यार्थीहरूबाट विद्यालयमा विद्यार्थी वस्न पुग्ने फर्निचरको अवस्थाको सम्वन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. १९ : विद्यालयमा फर्निचरको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त | ३ | ४२.८५ |
| २ | अपर्याप्त | ४ | ५७.१५ |
| ३ | नाम मात्रको | - | - |
| ४ | छदै छैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिका माथि विचार विमर्श गर्दा विद्यालयमा विद्यार्थीहरूको सख्याको तुलनामा फर्निचरको अवस्था कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा ५७.१५%कोउत्तरदाताले अपर्याप्त र ४२.८५%को उत्तरदाताले पर्याप्त फर्निचर रहेका छन् भनेका छन् भने

नाममात्रको र छदैछैनमा कसैले पनि उत्तर नदिएको पाइन्छ । यस तथ्याङ्कबाट के बुझ्न सकिन्छ भने विद्यालयमा विद्यार्थीको सख्याको तुलानामा फर्निचर संख्या न्यून रहेको पुष्टि हुन्छ यसबाट विद्यालयको शैक्षिक क्रियाकलाप गर्न कठिनाइ पर्दछ । जसकोकारणले शैक्षिक गुणस्तर खस्कदै गएको पाइन्छ ।यसका लागि वि.व्य.स.लाई सक्रिय बनाइ गैर सरकारी संस्थाबाट फर्निचर उपलब्ध गराउने भरमजदुर पहल गराउनु पर्ने आवश्यक देखिन्छ ।

### ४.२.७ वि.व्य.स.को गठन, भवन, कक्षा र विद्यार्थी संख्या विवरण २०६७

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अभिलेखहरूबाट विद्यालयको भवन, विद्यार्थी सख्या र वि.व्य.स.को गठनको सम्बन्धमा निम्नअनुसार सूचना प्राप्त भयो ।

तालिका नं. २० : वि.व्य.स. को गठन, भवन, कक्षा र विद्यार्थी सख्या सम्वन्धी विवरण

| क्र.सं. | विद्यालयको नाम | वि.व्य.स.को गठन | कक्षाकोठा सख्या | विद्यार्थी सख्या | भवन सख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पक्की | कच्ची | जम्मा |
| १. | श्री जनज्योति उच्च मा.वि., चुहाडे -१३ | २०६६/१/१३ | २४ | ११६५ | २ | ४ | ६ |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | २०६७/१२/४ | २६ | १२३९ | १ | ३ | ४ |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | २०६४/९/२४ | २३ | १२४६ | १ | ४ | ५ |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | २०६७/८/१९ | १९ | ८४९ | २ | ७ | ९ |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | २०६७/५/४ | २० | ९९८ | २ | ७ | ९ |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | २०६४/९/१० | २८ | १३७५ | २ | ४ | ६ |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | २०६४/८/१२ | २४ | १०९७ | - | ६ | ६ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकाहरूमा विद्यालयमा सञ्चालित कक्षा, विद्यार्थी सख्या, वि.व्य.स. गठन र भवनको सख्या प्रस्तुत गरिएको छ । यी तालिकाहरूमा दुई वर्षका विवरणहरुको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्क अनुसार दुईवटा विद्यालयको भवन सख्याको तुलनामा कक्षा सञ्चालन वढी भएको छ भने पाँच विद्यालयहरूमा भवन संख्याको अवस्था उपयुक्त रहेको छ । त्यसै अनुसार श्री जनता उ.मा.वि.देउरको विद्यार्थी संख्याको तुलनामा कक्षा कोठा कम भएको देखियो । यस विद्यालयमा अनिवार्य रुपमा कक्षा विभाजन गर्नुपर्ने देखियो । बाकी अरु विद्यालयमा विद्यार्थीहरुको तुलनामा कक्षा कोटा पर्याप्त रहेको देखियो । शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्ष भएता पनि हचुवा पाराले श्री जनता उ.मा.वि., देउरी, श्री त्रियुगा उ.मा.वि.गाइघाट र श्री जनता उ.मा.वि.जोगीदहमा समितिको पुनर्गठन नभएको पाइयो । यसको अर्थ यी तीन विद्यालयहरूमा वि.व्य.को दायित्व र जिम्मेवारीको वोध नभएको प्रमाणित भएको छ । अरू चार विद्यालयहरूमा समितिको पुनर्गठन प्रक्रिया अनुसार समयमै गरेको हुँदा वि.व्य.स.को भूमिका पहिचान भएको प्रमाणीत हुन्छ ।

### ४.२.८ विद्यालयको भवन, फर्निचर, खेलमैदान, विद्यार्थी सख्या तथा जग्गाको विवरण २०६७

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अभिलेखहरूबाट विद्यालयको भवन, फर्निचर, खेलमैदान, विद्यार्थी सख्या तथा जग्गाको विवरण सम्बन्धमा निम्नअनुसार सूचना प्राप्त भयो ।

तालिका नं. २१ : भवन, फर्निचर, खेलमैदान, विद्यार्थी सख्या तथा जग्गाको विवरण

| क.सं. | विद्यालयको नाम | भवन संख्या | फर्निचर सख्या | विद्यार्थी संख्या | खेल मैदान | जग्गा |
|---|---|---|---|---|---|---|
| १. | श्री जनज्योति उ.मा.वि., चुहाडे -१३ | ६ | दराज-६<br>टेवुल -५<br>डेक्स, वेन्च-३०५ | ११६५ | सानो | १-५-० |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | ४ | दराज-५<br>टेवुल -५<br>डेक्स, वेन्च-३२८ | १२३९ | सानो | १-३-० |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | ५ | दराज-४<br>टेवुल -६<br>डेक्स, वेन्च-३२५ | १२४६ | ठूलो | २-१-० |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | ९ | दराज-४<br>टेवुल -६<br>डेक्स, वेन्च-२१८ | ८४९ | सानो | ०-१५-० |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | ९ | दराज-३<br>टेवुल -५<br>डेक्स, वेन्च-२६५ | ९९८ | सानो | १-२-० |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | ६ | दराज-८<br>टेवुल -१०<br>डेक्स, वेन्च-३६७ | १३७५ | ठूलो | २-१५-० |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | ६ | दराज-२<br>टेवुल -६<br>डेक्स, वेन्च-२८७ | १०९७ | सानो | १-४-० |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिका तालिकाहरूमा विद्यालयको भवन संख्या, फर्निचरको अवस्था, विद्यार्थी सख्या, खेलमैदानको स्थिति र विद्यालयसँग रहेको जग्गाको क्षेत्रफल प्रस्तुत गरिएको छ ।

सङ्कलित विद्यालयहरूको तथ्याङ्क दुई वर्षको रहेको छ । अध्ययन गरेको विद्यालयहरूमा विद्यार्थी संख्याको तुलनामा फर्निचरको अवस्था पर्याप्त रहेको छ तर श्री त्रियुगा उ.मा.वि.गाइघाट र श्री जनता उ.मा.वि. देउरी बाहेक अरू विद्यालयहरूको जग्गा र खेल मेदान सम्वन्धी व्यवस्थापन फितलो रहेको देखिन्छ । यी विद्यालयहरुको जग्गा सम्वन्धि अध्ययन गर्दा सवभन्दा वढि श्री त्रियुगा उ.मा.वि.गाइघाटको रहेको छ भने सबभन्दा कम श्री रामजानकी मा.वि. मोतिगडाको रहेको छ ।

### ४.२.९ विद्यालयको भौतिक अवस्थाको विवरण २०६७

यस अध्ययन अनुसन्धानको सन्दर्भमाविद्यालय अभिलेखबाट शौचालय, पुस्तकालय, घेरावारा, खेलसामग्री खानेपानी आदि सम्बन्धी निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. २२ : वर्तमान भौतिक अवस्थाको विवरण २०६७

| क.सं. | विद्यालयको नाम | शौचालय | पुस्तकालय | घेरावारा | खेलसामग्री | खानेपानी |
|---|---|---|---|---|---|---|
| १. | श्री जनज्योति उ.मा.वि., चुहाडे -१३ | व्यवस्थित | छैन | छ | थोरै | धारा+ ट्युवेल |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | व्यवस्थित | छ | छ | पर्याप्त | ट्युवेल |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | व्यवस्थित | अव्यवस्थित | छ | सामान्य | ट्वूवेल |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | व्यवस्थित | अव्यवस्थित | छैन | थोरै | ट्वूवेल |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | व्यवस्थित | छ | छ | थोरै | ट्वूवेल |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | व्यवस्थित | अव्यवस्थित | पक्की | पर्याप्त | ट्वूवेल |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | व्यवस्थित | अव्यवस्थित | छैन | थोरै | ट्वूवेल |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिका तालिकाहरूमा दुई वर्षका न्यूनतम भौतिक सुधारका पक्ष शौचालय, पुस्तकालय, घेरावेरा,खेलसामग्री,खानेपानीको अवस्था बारे प्रस्तुत गरिएको छ । भौतिक सुधारमा पर्ने शौचालय र खानेपानीको अवस्था नमूना छनोटमा परेका सम्पूर्ण विद्यालयहरूको सन्तोषजनक रहेको छ तर पुस्तकालय र खेल सामग्रीको अवस्था नाजुक देखिन्छ । यस मध्ये श्री अम्वेवर उ.मा.वि.राजावाश र श्री त्रियुगा उ.मा.वि.गाइघाटमा खेल सामग्री प्रयाप्त रहेको देखिन्छ । अरु विद्यालयमा ज्यादै न्यूनसंख्यामा रहेको छ । त्यस्तै घेरावेरामा श्री रामजानकी मा.वि. र श्री जनता उ.मा.वि. जोगिदहमान रहेको पाइयो भने बाकी अरुमा राम्रै भएको देखिन्छ ।

### ४.३ भौतिक सुविधाले कक्षागत उपलब्धिमा पारेको प्रभाव

यस अध्ययनअनुसन्धानको क्रममा विद्यालयको भौतिक पक्षले शैक्षिक गुणस्तरमा पार्ने प्रभाव सम्बन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.३.१ विद्यालयमा रहेका कक्षाकोठा र फर्निचरको उपलब्धता

उपयुक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. २३ : विद्यालयमा रहेका कक्षाकोठा र फर्निचरको उपलब्धता

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त | ४ | ५७.१५ |
| २ | अपर्याप्त | २ | २८.५७ |
| ३ | काम चल्ने | १ | १४.२८ |
| ४ | थाहा छैन | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिका तालिका अनुसार विद्यालयमा रहेका कक्षाकोठा र फर्निचरको कस्तो अवस्था रहेको हुन्छ ? भन्ने प्रश्नको उत्तरमा ५७.१५% ले पर्याप्त, २८.५७% ले अपर्याप्त, १४.२८% ले कामचल्नेमा उत्तर दियो भने थाहा छैनमा कसैले पनि उत्तर नदिएको पाइयो । समग्रमा हेर्दा हाल विद्यालयहरूमा कक्षाकोठा र फर्निचरको सङ्ख्या विद्यार्थी सङ्ख्याको तुलनामा पर्याप्त रहेका छन् ।यस विद्यालयहरूमा कक्षाकोठा र फर्निचरको संख्या पुग्दो बनाउनुमा

गैरसरकारी संस्थाहरूमा श्रेय जान्छ । फ्योलको सिद्धान्त अनुसार कार्य प्रणाली व्यवस्थापन विद्यालयहरूमा गरेको प्रमाणीत हुन्छ ।

### ४.३.२ विद्यालयमा अध्यापन कार्यको सहजता

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयको प्र.अ. तथा शिक्षकहरूबाट अध्ययन कार्य गर्न असहज हुने सम्वन्धमा प्राप्त गरेका तथ्याङ्कहरूलाई  तल व्याख्या गरिएको छ ।

तालिका नं. २४ : विद्यालयमा अध्ययन कार्य गर्न असहज हुने सम्वन्धमा

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तालिम नलिएको | - | - |
| २ | भौतिक सुविधा अपर्याप्त भएकोले | २ | २८.५८ |
| ३ | विषयवस्तुकठिनाइले | - | |
| ४ | शैक्षिक सामग्री नभएको | ५ | ७१.४२ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयमा अध्यापन कार्य गर्न असहज हुने कारणहरू केके हुन सक्छ ? भन्ने प्रश्नमा भौतिक सुविधा अपर्याप्त भएकोले मा २८.५८%, शैक्षिक सामग्री नभएकोलेमा ७१.४२% उत्तर आएका छन भने तालिम नलिएको र विषयवस्तु कठिनाइ भएकोमा उत्तर नआएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने विद्यालय शिक्षण क्रियाकलापमा भौतिक पक्षले  महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । वास्तावमा भौतिक पक्ष सम्पन्न भएको विद्यालयको शिक्षकहरूमा आफ्सेआफ जोश जाँगर आउने गर्छ । अर्थात विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धिका लागि सहायक हुन्छ ।

### ४.३.३ शैक्षिक तथा अतिरिक्त क्रियाकलापका लागि कक्षाकोठा र खेलमैदानको उपलब्धता

प्रस्तुत आध्ययन अनुसन्धानका लागि विद्यार्थीहरूबाट विद्यार्थी शैक्षिक तथा अतिरिक्त क्रियाकलापका लागि कक्षाकोठा र खेलमैदानको अवस्थाको सम्वन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. २५ : विद्यालयको कक्षाकोठा र खेलमैदानको अवस्थाको सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजिलो | ३ | ४२.८६ |
| २ | असजिलो | २ | २८.५७ |
| ३ | कठिनाइ | २ | २८.५७ |
| ४ | अति कठिनाइ | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा उल्लेखित विद्यालयको कक्षाकोठा र खेलमैदानको अवस्था कस्तो छ ? भन्ने प्रश्नमा सजिलोमा ४२.८६% ले र असजिलो र कठिनाइ आउने उत्तरमा २८.५७% ले उत्तर दिएका छन् भने अति कठिनाइबाट आउने उत्तरमा शुन्य प्रतिशत रहेको छ । यस तथ्याङ्कबाट के बुझ्न सकिन्छ भने अधिकांश विद्यालयहरूमा शैक्षिक तथा अतिरिक्त क्रियाकलाप गर्न कक्षाकोठा र खेलमैदानको अवस्था उपयुक्त रहेको बुझिन्छ ।

### ४.३.४ वर्षाकालमा विद्यालयमा पढाइको अवस्था

प्रस्तुत अध्ययन अनुसन्धानका लागि विद्यार्थीहरूबाट वर्षा हुने वेला विद्यालयमा पढाइको सम्वन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका नं. २६ : वर्षाको वेला विद्यालयमा पढाई हुने अवस्थाको सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सवै कक्षाकोठामा | - | - |
| २ | केही कक्षाकोठामा | १ | १४.२८ |
| ३ | अधिकांश कक्षाकोठामा | ४ | ५७.१४ |
| ४ | हुँदैन | २ | २८.५७ |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

उल्लेखित तालिकाको अनुसार वर्षा हुने वेला विद्यालयमा पढाइ कतिको हुन्छ ? भने प्रश्नको उत्तरमा ५७.१४% उत्तरदाताले अधिकांश कक्षाकोठामा निर्वाद रुपमा पढाइ हुन्छ भन्ने, १४.२८% उत्तरदाताले मात्र केही कक्षामा पढाइ हुन्छ भनेका छन, बाँकी २८.५७% उत्तरदाताले वर्षाको वेला पढाइ वन्द रहन्छ भने बुझिन्छ । यसबाट के प्रष्ट हुन्छ भन्ने

अहिले पनि अवैज्ञानिक ढङ्गले विद्यालयको भौतिक निर्माण कार्य भएकोछ । अर्थात टीनको छाना भएको अधिकांश भवनहरू रहेका छन भन्ने प्रमाणित हुन्छ । जुनै अवस्थामा पढाइ होस भन्ने पार्नका लागि पक्की भवनको नितान्त आवश्यक देखिन्छ ।

### ४.३.५ विद्यालयमा शैक्षिक तथा अतिरिक्त क्रियाकलाप

प्रस्तुत अध्ययन अनुसन्धानका लागि स्रोतव्यक्तिबाट विद्यालय शैक्षिक तथा अतिरिक्त क्रियाकलापको अवस्थाको सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. २७ : विद्यालय शैक्षिक तथा अतिरिक्त क्रियाकलापको अवस्थाको सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजिलो | १ | १०० |
| २ | असजिलो | - | - |
| ३ | कठिनाई | - | - |
| ४ | अतिकठिनाइ | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालयमा शैक्षिक तथा अतिरिक्त क्रियाकलाप गर्न कतिको सजिलो छ? भन्ने प्रश्नमा सजिलोमा उत्तर दिएको छ । यसबाट के बुझिन्छ भने विद्यालयहरूमा भवन र फर्निचर पर्याप्त रूपमा रहेका छन् तर अध्ययनले सत्य होइन भन्ने देखाउँछ । एक जना मात्र उत्तरदाता भएकाले तुलना गर्न मिल्दैन ।

### ४.३.६ प्रतियोगितात्मक कार्यक्रम सञ्चालन

प्रस्तुत अध्ययन अनुसन्धानका क्रममा स्रोतव्यक्तिबाट विद्यालयमा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. २८ : विद्यालयमा प्रतियोगितात्मक कार्यक्रम सम्पन्नको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ.को | १ | १०० |
| २ | वि.व्य.स.को | - | - |
| ३ | विद्यार्थीको | - | - |
| ४ | स्रोतव्यक्तिको | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिकामा विद्यालयको प्रतियोगितात्मक कार्यक्रम गर्न कसको सभापतित्वमा सम्पन्न हुन्छ भन्ने प्रश्नमा प्र.अ.को उत्तर दिएको छ । तर वि.व्य.स.को सक्रियता बढाउन त्यस्ता कार्यक्रममा वि.व्य.स.को सभापतित्वमा सम्पन्न गरिनुपर्ने आावश्यक देखिन्छ । एक जनाले मात्र उत्तर दिएकाले तुलना गर्न मिल्दैन ।

### ४.३.७ शैक्षिक र अतिरिक्त क्रियाकलापको विवरण २०६७

तालिका नं. २९ : विद्यालयमा शैक्षिक र अतिरिक्त क्रियाकलापको विवरण २०६७

| क.सं. | विद्यालयको नाम | शैक्षिक क्रियाकलाप | | | अतिरिक्त क्रियाकलाप | | |
|---|---|---|---|---|---|---|---|
| | | सजिलो | असजिलो | गर्दैन | सजिलो | असजिलो | गर्दैन |
| १. | श्री जनज्योति उ.मा.वि., चुहाडे -१३ | छैन | छ | छैन | छ | छैन | छैन |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | छैन | छ | छैन | छैन | छ | छैन |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | छैन | छ | छैन | छ | छैन | छैन |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | छ | छ | छैन | छ | छैन | छैन |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | छैन | छ | छैन | छैन | छ | छैन |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | छैन | छ | छैन | छ | छैन | छैन |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | छैन | छ | छैन | छ | छैन | छैन |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

तालिका नं. ४२ र ४३ मा शैक्षिक क्रियाकलाप र अतिरिक्त क्रियाकलाप,कक्षाकोठा र वाहिर गर्न सकिन्छ, सकिदैन भन्ने वारे अवलोकन गरिएको छ । वि.सं. २०६६सालको अध्ययनको अनुसार श्री रामजानकी मा.वि. मोतिगडामा मात्र शैक्षिक क्रियाकलाप गर्न सजिलो रहेको पाइयो भने अतिरिक्त क्रियाकलाप गर्न श्री जनज्योती उ.मा.वि. चुहाडे, श्री

त्रियुगा उ.मा.वि.गाइघाट र श्री जनता उ.मा.वि. देउरीमा सजिलो रहेको पाइयो । श्री रामजानकी मा.वि.मा अतिरिक्त क्रियाकलाप गर्न खेलमैदान र कक्षाकोठाको अव्यवस्थितले गर्दा नगरेको देखियो ।

### ४.३.८ विद्यार्थीको उपस्थिति

प्रस्तुत अध्ययन अनुसन्धानका लागि स्रोतव्यक्तिबाट विद्यालयहरूमा अनुगमन गर्दा विद्यार्थीहरूको उपस्थिति सम्वन्धमा निम्न सूचना प्राप्त भयो ।

तालिका नं. ३० : विद्यालय विद्यार्थीको उपस्थिति

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सन्तोषजनक | १ | १०० |
| २ | अत्याधिक | - | - |
| ३ | न्यून | - | - |
| ४ | अति न्यून | - | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

उपयुक्त तालिकाको आधारमा प्राथमिक विद्यालयहरूमा विद्यार्थीकोउपस्थिति कस्तो छ ? भन्ने प्रश्नमा सन्तोषजनकमा उत्तरदिएको छ । यस अर्थमा विद्यार्थीको सङ्ख्या अनुसार उपस्थित हुन्छ भन्ने प्रमाणित गरिन्छ । एक जना मात्र उत्तरदाता भएकोले तुलना गर्न मिल्दैन ।

समग्रमा प्रस्तुत तालिकाहरूले विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिले कति सक्षमतासाथ आफ्नो जिम्मेवारी निर्वाह गर्न सकिन्छ भन्नेकुरा प्रष्टयाएकोछ । नमूना छनोटका आधारमा परेका यी विद्यालयहरू बीच तुलनात्मक अध्ययन गर्दा सबभन्दा व्यवस्थित विद्यालयको रूपमा श्री जनज्योती उच्च मा.वि.लाई मान्न सकिन्छ । यस विद्यालयको प्रशासन लगायत हरेकपक्षको काम कार्वाहीहरूलाई नियमित र क्रमबद्ध ढंगले सञ्चालन गरेको छ । तर ति विद्यायहरू मध्ये अव्यवस्थित ढंगले सञ्चालित विद्यालयको रूपमा श्री जनता उ.मा.वि. देउरी र श्री अम्वेवर उ.मा.वि. राजाबासलाई लिन सकिन्छ । ती दुई विद्यालयका वरीपरीका समुदायहरूको चेतनाको अभावले विद्यालय प्रति सहयोगात्मक भावना वा अपनत्वको भावनाको विकास भएको छैन । यस अध्ययनको लागि

छनौटमा परेका विद्यालयहरू मध्ये यी दुई विद्यालयहरूका वि.व्य.स.को निस्क्रियताले सम्पूर्ण पक्षहरू अस्तव्यस्त रहको देखिन्छ ।

## ४.४ विद्यालयको भौतिक सुधारका लागि सुझाव

विद्यालयमा प्राप्त स्रोत र साधनको बैज्ञानिक ढंगले बाड्फाड् गरिनु, आर्थिक स्रोत जुटाउन समितिका सबै पदाधिकारीहरुको सक्रिय सहभागिता हुनु, स्रोत जुटाउनका लागि विभिन्न गैह्रसरकारी, सरकारी, संघ संस्थामा माग गरिनु पर्ने, प्राप्त रकमको योजना तथा कार्यान्वयन सबै पक्षको सहभागिताबाट हुनुपर्ने अनुगमनमा पारदर्शिता हुनु पर्ने । वि.व्य.स. र प्र.अ.का लागि व्यवस्थापकीय कार्यकुशलता अभिवृद्धि हुने तालिमहरू सञ्चालन गरिनुपर्छ । समुदायमा रहेका स्थानीय स्रोतसाधन परिचालनका लागि सीपमुलक तालिम दिइनुपर्दछ। राजनैतिक प्रभावबाट विद्यालयलाई मुक्त राख्न प्रयास हुनुपर्दछ । व्यवसायिक र रोजगारमूलक शिक्षामा जोड दिनुपर्दछ । वि.व्य.स., शिक्षक र अभिभावकबीच समय समयमा छलफल र अन्तरक्रिया भइरहनुपर्दछ । वि.व्य.स.लाई अझ बढी दायित्व र जिम्मेवारी दिनुपर्दछ । अधिकारको वढी हिस्सा प्र.अ.मा नै हुनुपर्दछ । वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सच्चा सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनुपर्दछ । विद्यालयको अर्थिक क्षेत्रलाई सामाजिक परीक्षणद्वारा सार्वजनिक गर्नुपर्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

विद्यालयको विकास भन्नु नै शैक्षिक प्रगतिका सूचकहरूमा हुने वृद्धि,आर्थिक एवम् भौतिक अवस्थामा आउने सुधार आदि पक्षहरू हुन यसका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुने गर्दछ । उल्लेखित पक्षहरूमा के कति सुधार आउन सक्यो वा सकेन? अन्य के कस्ता राम्रा र नराम्रा पक्षहरू रहेका छन् भन्ने विषयमा प्रस्तुत अध्ययनको सन्दर्भमा विभन्न प्रकारका तथ्याङ्कहरू विभिन्न माध्यमद्वारा सङ्कलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरू तथा विद्यालयसँग सरोकार राख्ने विद्यालय प्रधानाध्यापक, विद्यार्थी,विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ,स्रोतव्यक्ति तथा शिक्षाप्रेमी महानुभावहरूका अनुभव एवम् आधिकारिक धारणाहरूबाट तथ्याङ्कहरू सङ्कलन गरियो । सङ्कलित तथ्याङ्कहरूको आधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका अवगत भए पश्चात देखिएका प्रभावहरू यस प्रकारका छन् ।

## ५.१ प्राप्ति

यस अध्ययनमा सङ्कलन गरिएको तथ्याङ्क र तिनीहरूको विश्लेषणबाट प्राप्त भएका प्राप्तिहरू तल प्रस्तुत गरिएको छ ।

१. विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रतिको भूमिकाको पहिचान हुनु ।
२. विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रतिकोदायित्व र जिम्मेवारी सक्षमता साथ निर्वाह गर्ने जानकारी प्राप्त हुनु ।
३. भौतिक साधन र सुविधाहरूअन्तर्गत विद्यालयका शैक्षिक सामग्री,खेलकुद सामग्री थप हुनु । खानेपानी, शौचालय तथा थप फर्निचरको व्यवस्था हुनु ।
४. विद्यालय व्यवस्थापन समितिले वढी स्वायत्तता प्राप्त गर्न सक्नु ।
५. माध्यमिक तह पुरा गर्ने दर र सिकाइ उपलब्धिदरमा वृद्धि हुनु ।
६. शिक्षक र विद्यार्थीको औषत बार्षिक उपस्थिति दरमा वृद्धि हुनु ।
७. विद्यालय आफ्नो हो भन्ने भावनाको विकास वि.व्य.स.मा हुन सक्नु ।
८. विद्यालय प्रति वि.व्य.स.को जिम्मेवारी र दायित्व थपिनु ।

९. विद्यालयमा सुधारात्मक कदम चाल्न वि.व्य.स.को सक्रियता र चासो बढ्नु ।

१०. विद्यालय भौतिक सुधार कार्यमा सरकारको मुखताक्ने प्रवृति घट्नु ।

११. विद्यालय र समुदाय बीच सुमधुर र ताजा सम्वन्ध रहनु ।

१२. महत्वपूर्ण विषयका निर्णय प्रकृयामा वि.व्य.स.को सहभागिता रहनु ।

१३. विद्यालयको आर्थिक कारोवार पारदर्शी हुनु ।

१४. विद्यालय भौतिक सुधार मर्मत सम्भारमा वि.व्य.स.को सहयोगमा वृद्धि हुनु ।

१५. वालवालिकालाई विद्यालयमा भर्ना गराउन विशेष कार्यक्रमहरू सञ्चालन हुनु ।

१६. विद्यालय व्यवस्थापन समितिले आफुलाई सर्वेसर्वा सम्झनु ।

१७. विद्यालयमा राजनैतिक चलखेल बढ्नु ।

१८. वि.व्य.स.ले प्रशासनिक काम, कारवाहीमा दवाव दिनु ।

१९. कम कार्यकुशलता भएको वि.व्य.स.को छनोट हुनु ।

२०. प्राप्त भएका सहयोग रकमको सही सदुपयोग हुन नसक्नु।

२१.अस्थायी शिक्षक नियुक्तिमा नातावाद कृपावादको प्रभावकारिता बढ्नु।

२२. शिक्षकहरूमा पेशागत सुरक्षाको ग्यारण्टीलाई लिएर चिन्ता उत्पन्न हुनु ।

२३. टाठाबाठा अभिभावकहरूले वि.व्य.स.मा प्रभुत्व जमाउनु ।

२४. व्यवस्थापकीय कार्य सम्पादनका लागि वि.व्य.स.पूर्णतया सक्षम नहुनु ।

२५. पर्याप्त मात्रामा जि.शि.का.बाट निरीक्षण तथा अनुगमन नहुनु ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनकाा प्राप्ति तथ्यहरूको विश्लेषणका आधारमा निम्नलिखित निष्कर्ष पाइएको छ ।

१. यस देउरी स्रोतकेन्द्र माध्यमिक विद्यालयहरूमा प्रकृयागत रूपमा विद्यालय व्यवस्थापन समितिको गठन भएको पाइयो ।

२. कतिपय विद्यालयका वि.व्य.स.को विद्यालय प्रतिको दायित्व र जिम्मेवारीका अभाव रहेको देखियो ।

३. सङ्कलित अवलोकन फारामको आधारमा हेर्दा राजनैतिक प्रभावित व्यक्तिहरू नै वि.व्य.स.को पदाधिकारीमा छनोट भएको हुन्छ ।

४. यस स्रोतकेन्द्रका विद्यालयहरूमा न्युनतम भौतिक निर्माणा क्षेत्रमा सन्तोषजनक नै रहेको छ ।

५. यस स्रोतकेन्द्रका केही विद्यालयका वि.व्य.स.ले विद्यालय सम्वन्धी काम कारवाहीहरू गर्दा त्यसै विद्यालयका प्र.अ.द्वारा निर्देशित हुन्छन् ।

६. भौतिक निर्माणमा भवन,फर्निचर, खानेपानी शौचालयको राम्रो प्रबन्ध यस स्रोतकेन्द्रका विद्यालयहरूमा पाइन्छ भने खेलमैदान, घेरावारा, खेलसामग्री असन्तोषजनक रहेको छ ।

७. यस स्रोतकेन्द्रमा विद्यालयका वि.व्य.स. नाममात्रको गठन भएको पाइन्छ ।

८. वि.व्य.स.सक्रिय भएको विद्यालयहरूको भौतिक सुधार र शैक्षिक गुणस्तरमा तुलनात्मक रूपमा सुधार भएको पाइन्छ ।

९. प्राय: विद्यालयहरूको आन्तरिक श्रोत कमजोर रहेको पाइयो ।

१०. विद्यालयका वि.व्य.स., प्र.अ. समुदाय अर्थात सरोकारवालाहरूसँग अन्तरक्रियामा अभाव देखियो ।

११. प्राय: वि.व्य.स.का अध्यक्षहरू व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने गरेको पाइयो ।

## ५.३ सुझाव

माथि प्रस्तुत तथ्याङ्कहरूको आधारमा विद्यालय व्यवस्थापन समिति गठन भएपछि देखिएका नराम्रा प्रभावहरूका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. वि.व्य.स.को क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरू समय समयमा सञ्चालन गरिनुपर्छ ।

२. वि.व्य.स. र प्र.अ.का लागि व्यवस्थापकीय कार्यकुशलता अभिवृद्धि हुने तालिमहरू सञ्चालन गरिनुपर्छ ।

३. समुदायमा रहेका स्थानीय स्रोतसाधन परिचालनका लागि सीपमुलक तालिम दिइनुपर्दछ।

४. शैक्षिक प्रगतिमा आधारित पुरस्कार र दण्डको नीति हुनुपर्दछ ।

५. विद्यालयलाई प्रदान गरिएका सहयोग रकमको सहीसदुपयोग भए नभएको हेर्न उच्च स्तरीय अनुगमनको व्यवस्था हुनुपर्दृछ ।

६. राजनैतिक प्रभावबाट विद्यालयलाई मुक्त राख्न प्रयास हुनुपर्दछ ।

७. शिक्षामा गरिने लगानी वृद्धि गरिनुपर्दछ ।

८. व्यवसायिक र रोजगारमूलक शिक्षामा जोड दिनुपर्दछ ।

९. वि.व्य.स., शिक्षक र अभिभावकबीच समय समयमा छलफल र अन्तरक्रिया भइरहनुपर्दछ ।

१०.वि.व्य.स.लाई अझ बढी दायित्व र जिम्मेवारी दिनुपर्दछ । अधिकारको वढी हिस्सा प्र.अ.मा नै हुनुपर्दछ ।

११. वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सच्चा सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनुपर्दछ ।

१२. विद्यालय भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउन सरकारी, गैरसरकारी संघ संस्थासँग अन्तरक्रिया गर्नुपर्छ ।

१३. वि.व्य.स., समुदाय र प्र.अ. तथा शिक्षकहरूको संयुक्त प्रयासबाट गैरसरकारी संस्थालाई विद्यालय प्रति आर्कषण बढाउनु पर्छ ।

१४. विद्यालयको अर्थिक क्षेत्रलाई सामाजिक परीक्षणद्वारा सार्वजनिक गर्नुपर्छ ।

## सन्दर्भ ग्रन्थ


काफ्ले, वासुदेव,श्रेष्ठ,चन्द्रबहादुर, र सिन्हा, रामस्वरूप(२०६२), *शैक्षिक प्रशासनर सुपरिवेक्षण,* भोटाहिटी, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन, (२०६०), *शिक्षाको वितीय अर्थसास्त्र,* काठमाण्डौ :मकालु वुक्स सप्लायर्स ।

डंगोल, नारायणमान(२०६१), *समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरूको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययन* :किर्तिपुर, काठमाण्डौ : विश्वविद्यालय क्याम्पस (अप्रकाशित ) ।

दाहाल, केशवप्रसाद(२०६१), *शिक्षामा विकेन्द्रिकरण र समुदाय विद्यालय व्यवस्थापन हस्तान्तरण,* शैक्षिक वर्ष ६ अंक १, काठमाण्डौ : मकालु प्रकाशन गृह ।

निरौला, सुभाष (२०६२/०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* ताहचल काठमाण्डौं : महेन्द्ररत्न क्याम्पस ।

नीतिगत अनुसन्धान परामर्श केन्द्र (२०६४), (सिप्रेक), *सामुदायिक विद्यालय व्यवस्थापन सचेतना,* हाते पुस्तिका १०१, काठमाण्डौं ।

पौडेल, हेमराज(२०६३), *शिक्षा ऐन आठौं संसोधन,* डिल्लीवजार, काठमाण्डौ : मकालु प्रकासन गृह ।

बरूवाल, पुष्पवहादुर(२०५६), *काठमाण्डौ जिल्लाका मा.वि.को शिक्षण सुधारमा प्र.अ.को भुमिका एक अध्ययन* : शोधपत्र त्रि.वि.वि.(अप्रकाशित) ।

शर्मा, गोपिनाथ(२०६६), *शिक्षा आयोगका प्रतिवेदनहरू* : काठमाण्डौ : मकालु प्रकासन गृह ।

*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य प्रणाली निर्देशिका २०६०,* (CSSP) ।

सिन्हा, रामस्वरुप(२०६२), *नेपालमा विद्यालय शासन एक समिक्षा,* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

सिग्देल, भूवनप्रसाद (२०६२), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लामा सञ्चालित समुदायिक विद्यालयका समस्याहरू विश्लेषणात्मक अध्ययन,* सुर्खेत : सुर्खेत क्याम्पस ।

सिंह, नागेश्वर (२०६६), *शिक्षाको आधार,* काठमाडौं : पैरवी प्रकाशन ।

सुवेदी, रामकृष्ण (२०६०), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण* :एक परिचय, शैक्षिक उन्नयन वर्ष ५, २०६० पौष, काठमाण्डौ : मकालु प्रकाशन गृह ।

श्रेष्ठ, चन्द्रबहादुर र वस्न्यात, संझना(२०६६), *शिक्षाको परिचय,* काठमाण्डौं : भुँडीपुराण

## माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको योगदान

## अनुसूची - १

### (वि.व्य.स. र शि.अ.स.को अध्यक्षसँग सोधिएका प्रश्नावली )

विद्यालयको नामः अध्यक्षको नामः

१. तपाईको विद्यालयमा भौतिक सुधारको अवस्था कस्तो छ ?

क) पर्याप्त ख) अपर्याप्त

ग) सुध्रिनलागेको घ) थाहा छैन

२. तपाईको विद्यालयमा भौतिक सुधार गर्नका लागि आर्थिक स्रोत कहाँ कहाँबाट जुटाउनु हुन्छ ?

क) आन्तरिक स्रोतबाट ख) सरकारी श्रोतबाट

ग) गैरसरकारी संस्थाबाट घ) समुदायबाट

३. तपाईले विद्यालयमा भौतिक सुधारका लागि समुदाय, शिक्षक, विद्यार्थी र सरोकारवाला पक्षसँग वर्षमा कति पटक अन्तरक्रिया गर्नुहुन्छ ?

क) एक पटक ख) दुई पटक

ग) तीन पटक घ) चार पटक

४. तपाईको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्नका लागि कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

क) पर्याप्त ख) अपर्याप्त

ग) काम चल्ने घ) चार पटक

४. तापाईको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्नका लागि कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

क) पर्याप्त ख) अपर्याप्त

ग) काम चल्ने घ) थाहा छैन

५. तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप कतिको सजिलो किसिमले गराउन सकिन्छ ?

क) सजिलै ख) असजिलै

ग) काम चल्ने घ) थाहा छैन

६. तपाइको विद्यालयमा विद्यार्थी पढाउने कक्षाकोठा कस्ताछन् ?

क) पुग्ने ख) नपुग्ने

ग) अलि अलि पुग्ने घ) धेरै पुग्ने

७. तपाइको विद्यालयमा विद्यार्थीको अनुपातमा खेलमैदान र खेलकुद सामग्रीको अवस्था कस्तो छ ?

क) पुग्ने ख) नपुग्ने

ग) कामचलाउ घ) थाहा छैन

८. तपाईको विद्यालयमा खानेपानी, घेरावेरा र शौचालयको स्थिति कस्तो छ ?

क) व्यवस्थित ख) अव्यवस्थित

ग) जिर्ण घ) छदैछैन

९. तपाईको विचारमा विद्यालय भौतिक सुधारका समस्याहरू के के हुन सक्छन् ?

...........................................................................................

...........................................................................................

१०. विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानको उपायहरू के के हुन् ?

.......................................................................................................

.......................................................................................................

## माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको योगदान

## अनुसूची - २

**(छनोटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षक, शिक्षिकासँग सोधिएका प्रश्नावली )**

विद्यालयको नामः

प्र.अ. तथा शिक्षक, शिक्षिकाको नामः

(शिक्षक) अनुभव वर्ष ..................शै. यो.

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक सुधारमा कुन कुन करामा सहयोग पुऱ्याएको छ ?

क) आर्थिक स्रोत जुटाउन ख)सरोकालवाला पक्षसँग छलफल गर्न

ग) सामग्रीहरू खरिद गर्न घ) माथिका सवै

२. विद्यालयको भौतिक निर्माणको कार्यक्रममा विद्यालय व्यवस्थापन समिति कतिको उपस्थिति हुन्छ ?

क) प्रत्येक पटक ख) कहिले काँही

ग) धेरै कम घ) हुँदैहुँदैन

३. विद्यालयको भौतिक सुधारका लागि विद्यालय व्यवस्थापन समितिको कस कससँग अन्तरक्रिया गर्छ ?

क) सरोकारवालासँग ख) गैरसरकारी संस्थासँग

ग) समुदायसँग घ) सवैसँग

४. तपाईलाई अध्यापन कार्यमा असहज हुनुका कारण के हुनसक्छ ?

क) तालिम नलिएको ख) भौतिक अपर्याप्त भएकोले

ग) विषयवस्तु कठिन भएकोले शैक्षिक सामग्री नभएकोले

५. भवनहरू शिक्षणको वातावरणका लागि कति उपयुक्त छन् ?

क) ज्यादै ख) कम ग) सन्तोषजनक घ) छैन

६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू विद्यालयको अवलोकन र निरीक्षण गर्न महिनामा कति पटक आउँछ्न् ?

क) एक पटक ख) दुईपटक

ग) तीन पटक घ) एकपटक पनि आउदैन

७. विद्यालय व्यवस्थापन समितिका कतिजना पदाधिकारीहरूलाई विद्यालयको भौतिक अवस्था वारेमा जानकारी छ ?

क) तीन जना ख) छ जना

ग) सवैलाई घ) कसैलाई पनि होइन

८) विद्यालय व्यवस्थापन समितिले पर्याप्त भौतिक सुधारका लागि कतिको पहल गर्नुहुन्छ ?

क) धेरैपटक ख) प्रयासरत

ग) कहिलेकाँही घ) गर्दैगर्दैन

९. विद्यालयका भौतिक सुधारका लागि कस कससँग सम्वन्ध राख्नु पर्छ ?

..........................................................................................

..........................................................................................

१०. विद्यालयका भौतिक सुधारमा देखापरेका समस्याहरूको समाधानका उपायहरू के के हुन् ?

..........................................................................................

..........................................................................................

## माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची - ३

## (विद्यार्थीसँग सोधिएका प्रश्नावली )

विद्यार्थीको नाम थर :

ठेगानाः ............... कक्षाः

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयमा अवलोकन गर्न कतिको आउँछ ?

क) नियमित ख) कहिलेकाँही

ग) आउँदै आउँदैन घ) थाहा छैन

२. वि.व्य.स.ले तपाईहरूसँग कतिको छलफल गर्छ ?

क) नियमित ख) कहिलेकाँही

ग) आउँदै आउँदैन घ) थाहा छैन

३. वि.व्य.स.ले कुन भौतिक निर्माण कार्य भइरहेको वेला रेखदेख गर्न आएको थियो ?

क) भवन ख) शौचालय

ग) घेरावेरा घ) सवै

४.शैक्षिकर अतिरिक्त क्रियाकलाप गर्न कक्षाकोठा र खेलमैदाको अवस्था कस्तो छ ?

क) सजिलो ख) अति सजिलो

ग) कठिनाई घ) अति कठिनाई

५. वर्षा हुँदा विद्यालयमा पढाई कतिको हुन्छ ?

क) सवै कक्षाकोठामा ख) केही कक्षाकोठामा

ग) अधिकांश कक्षाकोठामा घ) कुनै पनि कक्षाकोठामा हुँदैन

६. विद्यालयको सम्पूर्ण कक्षामा विद्यार्थी वस्न पुग्ने फर्निचर कतिको छ ?

क) पर्याप्त ख) अपर्याप्त

ग) नाम मात्रको घ) छदैछैन

७. विद्यालयको खेलमैदान, शौचालय,घेरावेरा, खानेपानी अवस्था कस्तो छ ?

क) व्यवस्थित　　　　　　ख) अव्यवस्थित

ग)सुधार गर्दै　　　　　　घ) नाम मात्रको

८. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष किन आउँछ ?

………………………………………………………………………………

………………………………………………………………………………

९. तपाईको विचारमा विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार के के हुनुपर्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

१०.विद्यालय व्यवस्थापन समितिले भौतिक सुधारका लागि केके पहल गर्नुपर्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

## माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची - ४

**(स्रोतव्यक्तिसँग सोधिएको प्रश्नावली )**

**स्रोतव्यक्तिको नाम :**

**स्रोतकेन्द्रको नाम :**

**शैक्षिक योग्यता :**

**ठेगानाः** ...............

१. तपाईले विद्यालयहरूमा अनुगमन गर्दा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरू कतिको भेट्नु हुन्छ ?

क) प्रायः ख) कहिलेकाँही

ग) धेरैजसो घ) हुँदैहुँदैन

२. विद्यालय कार्यक्रमर वैठकमा तपाईलाई कतिको आमन्त्रित गर्छ ?

क) धेरै जसो ख) कहिलेकाँही

ग) बोलाउदैन घ) प्रत्येक पटक

३. तपाईको स्रोतकेन्द्रका माध्यमिक विद्यालयहरूको भौतिक निर्माण कसको नेतृत्वमा हुन्छ ?

क) प्र.अ.को ख) वि.व्य.स.को

ग) शिक्षकको घ) निर्माण समितिको

४. तपाइको अनुगमन गर्ने माध्यमिक विद्यालय शैक्षिक क्रियाकलाप र अतिरिक्त क्रियाकलाप गर्न कतिको सजिलो छ ?

क) सजिलो ख) अति सजिलो

ग) कठिनाई ग) अति कठिनाई

५. तपाइले अनुगमन गर्ने माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति कस्तो छ ?

क) सन्तोषजनक ख) अत्याधिक ग) न्यून घ) अतिन्यून

६. तपाइको स्रोतकेन्द्र भित्रका माध्यमिक विद्यालयहरूको भौतिक सुधारको अवस्था कस्तो छ ?

क) सन्तोषजनक　　　　　　ख)सुधार गर्नुपर्ने

ग) व्यवस्थित　　　　　　घ) अव्यवस्थित

७. तपाइको स्रोतकेन्द्रभित्रका माध्यमिक विद्यालयहरूमा प्रतिस्पर्धात्मक कार्यक्रमहरू कसको सभापतित्वमा सम्पन्नहुन्छ ?

क) प्र.अ.को　　　　　　ख) वि.व्य.स.को

ग) विद्यार्थीको　　　　　　घ)स्रोतव्यक्तिको

८. तपाइको स्रोतकेन्द्रभित्रका माध्यमिक विद्यालयहरूको भौतिक निर्माण नहुने कारणहरू के के हुन सक्तछन् ?

क) समुदायको　　　　　　ख)शि.अ.स.को

ग)वि.व्य.स.को　　　　　　घ) गा.वि.स.का.

९. तपाइको स्रोतकेन्दका माध्यमिक विद्यालयहरूको भौतिक निर्माण नहुने कारणहरू के के हुन सक्तछन् ?

...................................................................................................

...................................................................................................

१०. तपाईको स्रोतकेन्द्रका माध्यमिक विद्यालयहरूको भौतिक सुधार गर्ने उपायहरू के के हुन सक्छन् ?

...................................................................................................

...................................................................................................

# माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका

## अनुसूची - ५

**(अवलोकन फारम )**

| क्र.स. | विधालयकोनाम | वर्षमा अन्तरक्रिया | महिनावैठक | वि.व्य.स.को गठन मिति | जगगाकोक्षेत्र | सञ्चालन कक्षा | विद्यार्थी संख्या | भवन | | | फर्निचरको संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पक्की | कच्ची | जम्मा | | |
| १ | श्री जनज्योति उ.मा.वि., चुहाडे -१३ | | | | | | | | | | | |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास -१२ | | | | | | | | | | | |
| ३ | श्री जनता उ.मा.वि., देउरी-१० | | | | | | | | | | | |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा-७ | | | | | | | | | | | |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा-८ | | | | | | | | | | | |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट-२ | | | | | | | | | | | |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह-६ | | | | | | | | | | | |

**माध्यमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका**

**अनुसूची - ६**

**(छनोटमा परेका विद्यालयको नामठेगाना )**

| क्र.स. | विद्यालयको नाम | विद्यालयको ठेगाना |
|---|---|---|
| १ | श्री जनज्योति उ.मा.वि., चुहाडे | त्रि.नपा.-१३ |
| २ | श्री अम्मेवर जनता उच्च मा.वि., राजावास | त्रि.नपा -१२ |
| ३ | श्री जनता उ.मा.वि., देउरी | त्रि.नपा -१० |
| ४ | श्री रामजानकी मा.वि., मोतिगडा | त्रि.नपा -७ |
| ५ | श्री राष्ट्रिय उ.मा.वि., वगाहा | त्रि.नपा -८ |
| ६ | श्री त्रियुगा जनता उ.मा.वि., गाइघाट | त्रि.नपा -२ |
| ७ | श्री जनता उ.मा.वि., जोगिदह | जोगिदह -६ |

s